पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३२ | अङ्क : ४ | २०७१ साउन २३ गते शुक्रबार (Aug. 8, 2014) | मूल्य रू. १०/-


## मधेसीलाई मोदीको झापु



काठमाडौं । मोदीलाई हार गुहार गरेर एक मधेस एक प्रदेश गराउने मधेसी नेताहरूको चाल उल्टो परेको छ । बुझ्ने र सुन्ने गरी मोदीले भनिदिएका छन्, मधेसको मात्र विकास होइन, समष्टि नेपालको कुरा गर्नोस् । मोदीले हिमाल, पहाड, तराई जोड्ने संविधानको कुरा गरिदिएपछि जातीय संघियता, भेगी र क्षेत्रीय विभाजनकारीहरू तर्सिन पुगेका छन् । भारतमा मोदीको शक्तिशाली सरकार बन्नाले नेपालमा संविधान बन्ने र सहमतिमा बन्ने (बाँकी अन्तिम पेजमा)

# एमाओवादीमा भुइँचालोको संकेत

काठमाडौं । प्रचण्ड र बाबुराम भट्टराईबीच मतभिन्नता यति धेरै बढिसक्यो कि अब दुवैबीच एकता हुनै सक्दैन । डा.बाबुरामले नेतृत्व छाड्ने कि पार्टी फुटाइदिउँ भनेर जिल्ला जिल्लामा समानान्तर समिति गठन गर्न थालेपछि प्रचण्डले बाबुराम र उनका सहयोगी रामरिझन यादव र गंगानारायण श्रेष्ठलाई निलम्बन गरिदिएका छन् । त्यसपछि बाबुराम पक्षका नेता देवेन्द्र पौडेलले प्रचण्डलाई लल्कार्दै अध्यक्षले



अन्यायपूर्ण काम गरे, चुप लागेर सहिन्न भनेका छन् ।



अर्थात् एमाओवादीभित्र भुसको आगो थियो, सल्केर दन्किन थालेको छ । यस्तै विश्वासको संकट पर्दा मोहन वैद्यले नेकपा-माओवादी पार्टी गठन गर्न पुगे । अब बाबुराम भट्टराईले नयाँ पार्टी बनाउने सम्भावना बढेर गएको छ ।

क यसअघि प्रचण्डले कि मिलौं, नमिल्ने भए सल्लाहले नै पार्टी फुटाउँ भनेका थिए । यसको जवाफमा बाबुरामले पार्टी नेतृत्व बदल्नु पर्ने सर्त तेर्साएका थिए । जुन कुरा प्रचण्डका लागि मान्य थिएन, छैन । प्रचण्ड कुनै पनि हालतमा पार्टी अध्यक्ष पद छाड्न तयार छैनन् । आफू शक्तिशाली छु भन्ने प्रमाणित गर्न प्रचण्डले विराटनगर भेला डाके, बाबुरामले यो रणनीति बुझेर बहिष्कार गरेर फर्किए ।

एमाओवादी पार्टी नेतृत्व फेर्ने कि फुटाउने भन्ने मझधारमा छ । पार्टीलाई एक बनाएर लानका लागि प्रचण्डले नेतृत्व छाड्नु पर्ने छ । यही अविश्वासको प्रभाव ५ (बाँकी अन्तिम पेजमा)

## मोदीले अशोक भन्दा प्रचण्ड गद्गद्

काठमाडौं । जनयुद्धको १० वर्षसम्म विस्तारवादी भारत भनेर नथाकेको माओवादी नेता प्रधानमन्त्री भइसकेपछि पनि सुरूङ युद्ध गर्छौं भनेर सीमातिर जुलुस निकाल्दै थिए । भारतीय राजदूतले एक पटक के हपारिदिए, तालुमा टाँसिएको जिब्रो अहिलेसम्म खुलेको छैन ।

साउन १८ र १९ गते भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आए । संसदमा संवोधन गरे । संवोधनका क्राममा शस्त्र, युद्ध होइन, बुद्ध भनेर प्रचण्डतिर इंगित गर्दै लोकतन्त्रको महिमा सुनाएका मोदीले हायात होटलमा भेट्दा प्रचण्डलाई भनिदिएका छन् । के चाहियो प्रचण्डले पत्रकार बोलाएर भनिहाले मोदीले मलाई सम्राट अशोकसँग दाँजिदिए । मोदीको नेपाल भ्रमणबाट कोही गदगद छ भने प्रचण्ड छन् । तर प्रचण्डले मोदीको संकेत बुझे कि (बाँकी अन्तिम पेजमा)

## प्रहरी नै लुटमा संलग्न, गृहमन्त्रीलाई चुनौती

अभियान संवाददाता

काठमाडौं । प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा गठन भएको कांग्रेस, एमालेलगायतका अन्य दलको संयुक्त सरकारले भ्रष्टाचारलाई शुन्य सहनशीलतामा झार्ने बताएपनि गृहमन्त्री वामवेद गौतमको नेतृत्वमा रहेको सुरक्षा निकाय नेपाल प्रहरीका कर्मचारीहरू नै लुटेको आरोपमा पक्राउ पर्नुले कस्तो संकेत गर्छ ।

महानगरीय प्रहरी अपराध महाशाखामा कार्यरत एक प्रहरी नायव निरीक्षक (सई) ५ किलो सुन लुटेको आरोपमा पक्राउ परेका छन् । पक्राउ पर्नेमा विजयप्रताप शाह रहेका छन् । उनी माथि बाराका सञ्जय पाण्डेको साथमा रहेका एक एक किलाका सुनको ढिक्का बन्धक बनाएर लुटेको आरोप लगाइएको छ । शाहसहित अन्य ६ जनालाई पनि सोही आरोपमा पक्राउ गरिएको प्रहरीले



जनाएको छ । प्रक्राउ परेका अन्यमा काठमाडौं गोलढुंगा घर भएका राजेन्द्र गुरूङ रहेका छन् । शाह र गुरूङ तथा अर्का एक नाम नखुलेका व्यक्तिले सुन लुटेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । अन्य पक्राउ पर्नेहरूमा शान्तिनगरका सुरज काफ्ले, मोरङ लेटाङका प्रदीप रिसाल, भारतका पोपटनारायण चौहान र सुनसरी इटहरीका भीमसेन श्रेष्ठ रहेका छन् । श्रेष्ठले यी लुटेराहरूले लुटेको सुन खरिद गरेको आरोप प्रहरीले लगाएको छ । श्रेष्ठ एक महिना अघि जनकपुरमा बरामद भएको १० किलो सुनमा समेत संलग्न भएको प्रहरीको अरोप रहेको छ ।

शाह र गुरूङले जेठ २१ गते न्युरोडको विशाल बजारबाट पाण्डेलाई पिछागर्दै रंजना गल्लीमा पुगी जबर्जस्ती ट्याक्सीमा हालेर चावहिल पुन्याएर सुन लुटेर पाण्डेलाई छोडिदिएका थिए । त्यसबेला उनीहरूले आफूहरू प्रहरूी भएको बताएका थिए । (बाँकी अन्तिम पेजमा)

## कमल थापाका आदर्श विपी

अभियान संवाददाता

काठमाडौं । राप्रपा नेपालले नेपाली कांग्रेसका संस्थापक नेता विपी कोइरालाको आदर्शलाई स्वीकार गर्ने उद्घोष गरेको छ । राप्रपा नेपालका अध्यक्ष कमल थापाले विपी जन्मशताब्दीको अवसरमा हालै आयोजित एक कार्यक्रममा बोल्दै विपी पनि आफ्नो पार्टीको प्रेरणाको स्रोत भएको बताएका छन् । कांग्रेसकै कतिपय नेताले कांग्रेसले पछिल्लो समयमा विपीको आदर्शलाई भुलेको भन्दै आपत्ति जनाइरहेका बेला आफूलाई हिन्दू धर्मको रक्षक र कुनै न कुनै खालको राजतन्त्र नेपालमा आवश्यक छ भनेर वकालत गर्दै आएको राप्रपा नेपालले विपीलाई आदर्श मान्ने र आफ्नो पार्टीको प्रेरणाको स्रोत स्वीकार गर्नुले कांग्रेसीजनहरू



अचम्मित भएका छन् ।

यसअघि राप्रपा नेपालले पूर्वराजा महेन्द्र र नेपाल एकीकरणकर्ता (बाँकी अन्तिम पेजमा)



## सहमति नभए बहुमतीय प्रणाली

काठमाडौं । संविधानसभाले संविधान निर्माण गर्ने क्रममा विवादित रहेको राज्य पुनःसंरचनालाई पहिलो अवरोधका रूपमा लिएको छ । ठीक त्यसैबेला पूर्वप्रधानमन्त्री एवं एमालेका पूर्वअध्यक्ष झलनाथ खनालले राज्य पुनःसंरचना गर्दा बढीमा सात प्रदेशभन्दा बढी बनाउन नसकिने बताएका छन् । सातभन्दा बढी वा जातीय एवं क्षेत्रीय आधारमा संघीय प्रदेश बनाउन खोजिएको खण्डमा बहुमतीय पक्रिया मार्फत् निर्णय लिनुपर्ने बताएका छन् । (बाँकी अन्तिम पेजमा)

## चरिको मृत्युपछि एमालेमा तरङ्ग

काठमाडौं । प्रहरीको 'इन्काउन्टर'मा बुधबार राजधानीमा मारिएका डन दिनेश अधिकारी (चरी) नेकपा एमालेका कार्यकर्ता हुन् । धादिङको क्षेत्रीय कमिटीका उपाध्यक्षसमेत भइसकेका चरी मारिएपछि उनलाई एमालेले सहीद घोषणा गरेर झण्डा ओडाउँछ कि ओडाउँदैन ? प्रश्न उत्पन्न भएको छ ।



सामान्यतः पार्टीका नेता कार्यकर्ताको निधनमा उनलाई झण्डा ओढाएर सम्मान गर्ने प्रचलन पार्टीहरूमा हुन्छ । अझ प्रहरीबाट गोली हानेर मारिएका कार्यकर्तालाई त शहीद नै घोषणा गर्ने प्रचलन हुन्छ ।

तर, चरीलाई एमालेले सम्मान गर्दा डनवादलाई सम्मान गरेको (बाँकी अन्तिम पेजमा)

## नेताहरूले मोदीबाट सिक्ने हो कि ?

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत आइतबार सिंहदरबारबाट नयाँ बानेश्वरस्थित संविधानसभा भवन तर्फ जाँदै गर्दा बानेश्वरमा रहेको एलिनाज बेकरी क्याफे अघिल्तिर मूल सडकमा आफ्नो गाडी रोकेर सडक किनारमा उभिएका सर्वसाधारणलाई टक्क हेरे अनि गाडीबाट ओर्लिएर सिमसिमे पानीलाई समेत वास्ता नगरी सुरक्षा प्रवाहको चिन्ता नै नगरी सर्वसाधारण उभिएको ठाउँमा पुगेर उनीहरूसँग हात मिलाए । आफूहरूले सोच्दै नसोचेको व्यवहार भारतीय प्रधानमन्त्री मोदीले देखाएपछि सर्वसाधारणले मोदी जिन्दावादको नारा लगाएका थिए । आफ्नै देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू र दलका शीर्ष नेताहरूले कहिल्यै त्यस्तो व्यवहार देखाएको अनुभव नभएका सर्वसाधारण भन्दै थिए, नेता भनेको त यस्तो पो हुनुपर्छ ।



त्यहाँको परिस्थिति हेर्दा लाग्थ्यो, त्यहाँ पिल्मको सुटिङ हुँदै छ । आफ्नो सुरक्षाको प्रवाह नगरी सर्वसाधारण उभिएको भीडमा पुगेर सर्वसाधारण जनतासग प्रधानमन्त्रीले हात मिलाउनुले सर्वसाधारणमा एकप्रकारको हर्षोल्लास देखिएको थियो । सुरक्षाकर्मीको घेराले मोदी र सर्वसाधारणलाई रोक्न सकेन, मोदीले हात मिलाए अनि हात हल्लाउँदै सर्वसाधारणसँग रमाउँदै झण्डै ५ मिनेट बाटोमै बिताएका थिए । त्यहाँ एक खालको फोटो सेसन नै चलेको थियो । सर्वसाधारणले (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# मोदीले नेताहरूलाई सिकाएको पाठ

*भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो ३१ घन्टे भ्रमणमा नेपाल आएर फर्केपछि नेपाल र नेपाली जनताको मनमा उनी ताजैं रहेका छन् । नेपाल बसाइमा प्रधानमन्त्री मोदीले बहुरुप प्रदर्शन गर्न सफल भएका छन् । मोदी भारतको प्रधानमन्त्री भएको करिब ३ महिना मात्र भएको हुनाले कस्तो काम गर्लान् त्यो भने हेर्न बाँकी नै रहेको छ । तर उनी सामान्य र स-साना कुराहरुबाट पनि ठूलो सन्देश दिन सफल भएका छन् । भारतका विशिष्ट तहका राजनेताले नेपालको भ्रमण नगरेको १७ वर्ष भएको थियो । मोदी प्रधानमन्त्री भएको तीन महिना नपुग्दै नेपाल भ्रमणमा आएर नेपालको व्यवस्थापिका संसदलाई समेत विशेष सम्वोधन गर्न सफल मात्र भएनन् उनको संवोधनले पुरैं नेपाल र नेपाली जनताको मन जितेको छ । मोदी एउटा सामान्य श्रद्धालुको रुपमा पशुपतिनाथ गएर झण्डैं एक घण्टा पूजाआजा गरे, त्यहाँ उनले आफू भारतको प्रधानमन्त्री भएको अनुभव कसैलाई गर्न दिएनन्, उनी त्यहाँ एउटा श्रद्धालु जस्ता मात्र देखिएका थिए ।*

*मोदीले संसदमा संवोधन गर्दै गोर्खाली सेनाहरुको खुलेरैं प्रशंसा गरेका थिए । भारतको सुरक्षामा रगत बगाएकोमा उनले गोर्खाली सैनिकहरुको प्रशंसा गर्दै भारतले गोर्खाली सैनिक बाहेक अन्य कहिँ युद्ध नजितेको भन्दैं गोर्खा सैनिकहरुको बहादुरीकैं कारण भारतले युद्ध जितेको भन्दैं गोर्खा सैनिकको प्रशंसा गर्दा सभासदहरुले तालीले मोदीको भनाईलाई समर्थन जनाएका थिए । अहिलेसम्म भारतीय नेता र कुटनीतिज्ञले गोर्खा सैनिकका लागि के के गरेका छन्, कसरी नेपालमा वर्षेनी तीन सय करोड पेन्सनका रुपमा भित्रिएको छ भन्दैं त्यसको बढी प्रचार हुने गरेको बताउँदैं मोदीले रगत र शहदतको नाता अर्को पक्षका रुपमा प्रस्तुत गरेका थिए । आफ्ना कुरा सामान्य रुपबाट राख्न खप्पिस मोदीले नेपाली नेताहरुलाई बारम्बार पार्टीभन्दा माथि उठेर राष्ट्रको विकास र जनताको सेवामा लाग्न आग्रह गरेका थिए । संसदलाई संवोधन गर्न जाँदा होस् या होटल फर्कँदा होस् सडकमा उभिएका सर्वासाधारण जनतासँग हात मिलाएर उनले आफू सच्चा नेता र राजनीतिज्ञ भएको झल्को नेपाली नेपाली जनतालाई दिन सफल भएका छन् । सर्वसाधारण जनताले प्रत्यक्ष रुपमा आफ्नैं देशका राष्ट्रपति, प्रधानमन्त्री र दलका शीर्ष नेताहरुलाई देख्न नपाएको अवस्थामा विदेशी प्रधानमन्त्रीसँग जनताले हात मिलाउन पाउनु नैं नेपाली जनताको माझ अर्कैं छाप छोडेको छ ।*

*पहिलो संविधानसभाले संविधान निर्माण गर्न सकेन त्यसैंकारण संविधानसभाको विघटन भयो । संविधान निर्माणकैं लागि भनेर दोस्रो पटक संविधानसभाको निर्वाचन सम्पन्न भएको आठ महिना पुग्न लाग्दा पनि संविधानसभाले पूर्णता पाउन सकेको छैन । भारतीय प्रधानमन्त्री मोदीले जतिसक्दो चाँडो लोकतान्त्रिक संविधान निर्माण गर्न सरकार र राजनीतिक दलका शीर्ष नेताहरुलाई आग्रह गरेका छन् । मोदीको आग्रहलाई स्वीकार गर्ने हो भने पहिला संविधाानसभाले पूर्णता पाउनु पर्छ । प्रधानमन्त्री मोदीले दिएको सबैंभन्दा ठूलो सन्देश भनेको पहाड, हिमाल र तराई सबैंको विकास एक साथ हुनुपर्छ । कुनैं एक क्षेत्रका लागि भारत सरकारले कसैंलाई सहयोग गर्न नसकने अभिव्यक्ति दिएर मधेसवादी दलका नेताहरुलाई आ-आफ्नो अडान छोडेर नेपालको विकासमा लाग्न आग्रह गरेका छन् । मधेसवादी दलका नेताहरुले आफूहरुलाई आफ्नैं देशमा दोस्रो दर्जाको नागरिकको जस्तो व्यवहार गरेको भन्दैं केही दिन पहिला भारतीय विदेशमन्त्री सुष्मा स्वराजसँग गुनासो गरेकोमा स्वराजले आपत्ति प्रकट गरेकी थिईन । अहिले पनि भारतीय प्रधानमन्त्रीसँग मधेसादी दलका नेताहरुले । यस्तो विखण्डनको कुरा उठाएपछि मोदीले आफू सिंगो नेपाल र बलियो नेपाल हेर्न चाहेको अभिव्यक्ति दिएर मधेसवादी दलका नेताहरुलाई सच्चिन आग्रह गरेका हुनले अब मधेसवादी दलका नेताहरुले मधेसको मात्र कुरा नउठाएर मुलुककैं कुरा उठाउनु उपयुक्त हुनेछ ।*

*जे होस् भारतीय प्रधानमन्त्री मोदीले आफ्नो छोटो नेपाल भ्रमणमा नेपाली जनताको मन जित्न सफल भएका छन् । मोदीको भ्रमणले गर्दा नेपालका राजनीतिक दलका नेताहरुले उनीबाट केही पाठ सिकेर पार्टीगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थका लागि  अघि बढ्ने प्रेरणा ग्रहण गर्न सकेको खण्डमा मात्र नेपालका राजनेता भनाउँदाहरुको मान प्रतिष्ठा बढ्ने थियो । अन्त्यमा छोटो भ्रमण अवधिमा राजनीतिक दलका नेता र नेपाली जनताको मन मस्तिष्कमा मोदीले छोडेको छापका लागि मोदीलाई हार्दिक बधाई !*

# मोदीले दिए सार्वभौम सत्ता सम्पन्नको प्रमाण-पत्र

*देवेन्द्र चुडाल*

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको ३१ घण्टे भ्रमण गरेर स्वदेश फर्किसकेका भएपनि नेपालमा भने अझै पनि प्रधानमन्त्री मोदीकै चर्चाले व्यापकता पाएको छ । नेपालको दक्षिणी छिमेकी मुलुकमा आजसम्मका गतिविधि हेर्दा भारतको  नेपालप्रतिको हेराईले नेपाली जनतालाई त्रासमा राखेको प्रष्ठ रूपमै देखिन्छ । भारतीय पक्षले नेपालमाथि गर्ने गरेका व्यवहारले गर्दा नेपाली जनता भारतप्रति सकारात्मक हुन नसकिरहेको बेला भर्खरै सत्ता सम्हालेका मोदीले नेपाल आउँदा नेपाली जनताबाट जुन सत्कार पाए त्यो आजसम्म भारतीय नेताहरूले पाएका थिएनन् । मोदीलाई भारतमै विकास प्रेमीका रूपमा लिइन्छ । मोदीकै व्यक्तित्व र विकास प्रेमी नाराले भारतमा हालै सम्पन्न भएको लोकसभाको चुनावमा भारतीय जनता पार्टीले बहुमत पाएको थियो । भारतमा सत्ता परिवर्तन भएको छ । कांग्रेस आईको लामो शासन पछि अब सत्ताको बागडोर बिजेपी अर्थात भारतीय जनता पार्टीको हातमा पुगेको छ र त्यसको नेतृत्व नरेन्द्र मोदीले गरिरहेका छन् । नेपाल भारत बीच अनेक समस्याहरू देखिएका छन् । खुल्ला सिमानाका कारण नेपाल भारत दुवै आक्रान्त भएपनि अहिलेकै अवस्थामा सिमाना बन्द गर्ने चरणमा दुवै मुलुक नभए पनि खुल्ला सिमानालाई व्यवस्थित गर्न सकिने अवस्था रहेको छ । प्रधानमन्त्री मोदीको नेपाल भ्रमणका बारेमा मोदी नेपाल आउनुभन्दा अगाडि जस्तोसुकै चर्चा परिचर्चा भएपनि मोदी स्वदेश फर्किए पछि भने मोदीको तारिफ गर्न दलका नेताहरू र सरकारका मान्त्रीहरू पछिपरेका छैनन् । के नेपालका लागि नरेन्द्र मोदी साच्चिकै भगवान हुन त ? के उनले नेपाल भारतबीच रहेको वैमनश्यता र बेला बेलामा भारतीय पक्षले नेपालको भू-भागमा आएर गर्ने गरेका ज्यादतीहरू अब बन्द हुन्छन् त ? भारतले धेरै पहिला नै गर्ने भनिएको विकास निर्माणका कार्यलाई अब मोदी सरकारले तिब्रता दिन्छ त ? यी तमाम प्रश्नहरू अहिले पनि जिवितै रहेको बेला प्रधानमन्त्री मोदीको व्यवहार कस्तो हुने हो त्यो हेर्न अझ केही समय कुर्नै पर्ने हुन्छ ।

एउटा छिमेकी मुलुकका प्रधानमन्त्रीले अर्को छिमेकी मुलुकको विकास निर्माणमा सहयोग पुर्‍याउन उसको कर्तव्य नै हुन्छ । अर्को छिमेकी मुलुकलाई सहयोग गर्दा आफ्नो स्वार्थ केही मात्रामा हेरिनु स्वभाविकै हुन्छ । भारतले आफ्नो स्वार्थलाई हेरेरै भएपनि नेपालको विकासमा सहयोग गर्नुपर्ने बाध्यता रहेको छ । नेपालमा अपार जल भण्डार रहेको छ । नेपाल आफैंले मात्र जल भण्डारको उपयोग गर्न सक्ने अवस्था छैन । नेपालका नदीनालाबाट पर्याप्त मात्रामा बिजुली उत्पादन गर्न सकिन्छ, त्यो बिजुलीले भारतलाई समेत उज्यालो पार्ने भएको हुनाले भारतले जलविद्युतमा हात बढाउनै पर्ने बाध्यतालाई मोदीले बुझेका हुन् कि भन्ने मोदीको हालै सम्पन्न नेपाल भ्रमणले केही संकेत गरेको छ । नेपाल भारत सम्बन्धमा कहिले काँही व्यक्तिगत स्वार्थका लागि तिक्तता समेत आएको छ । नेपालमा स्थिर सरकार नहुनु र राजनीतिक दलहरू जनताप्रति उत्तरदायी नहुनुले पनि नेपाल-भारतबीचका सम्बन्धमा केही कठीनाइहरू देखिने गरेका छन् ।

लोकतन्त्रको भविष्यप्रति हाम्रा सामु जोखिम र सम्भावना दुवै उत्तिकै रहेका छन् । सम्भावनालाई यथार्थमा बदल्न जवाफदेहिता आवश्यक हुन्छ । ३१ घण्टाको छोटो भ्रमणमा आएका भारतीय प्रधानमन्त्री मोदी शक्तिशाली राष्ट्रको कार्यकारी प्रधानमन्त्रीदेखि लिएर एउटा सामान्य हिन्दू तीर्थालुको स्वरूप देखाएर भारत फर्किसकेका छन् । उनले नेपालको संसदमा गरेको संवोधनलाई हाम्रा जनप्रतिनिधिहरूले तालीले स्वागत गरे, मोदीले नेपाल एउटा सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो भन्दा सबै दलका सभासदहरूले तालीको गडगडाहट गरेर मोदीबाट सर्वाभौमसत्ता सम्पन्न राष्ट्र भएको उद्घोषलाई स्वीकार गरेर आफ्नो हीनताबोधलाई प्रकट गरेका छन् । संसदले हीनताबोध गरेरै विशिष्ठ अतिथिको स्वागत गर्‍यो ? के यसले गर्दा नेपालको प्रतिष्ठा बढ्यो त ? प्रधानमन्त्री मोदीले गौतम बुद्ध नेपालमै जन्मिएको भनी बारम्बार उद्घोष गरे, के हाम्रा सभासदहरूलाई अहिलेसम्म भगवान् गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने ज्ञान थिएन त ? किन उनीहरूले छिमेकी मुलुकका प्रधानमन्त्रीबाट त्यस्तो प्रमाणपत्र लिन आवश्यक पर्‍यो । अहिलेकै परिस्थिति रहेमा अब अर्को कुनै देशका विशिष्ठ अथितिले नेपाल आएर तपाईहरू नेपालकै नेपालीहरू हुनुहुन्छ र नेपालकै सांसद हुनुहुन्छ भन्दा मोदीलाई ताली बजाएजस्तै ताली बजाउन हाम्रा सांसदहरू पछि नपर्ने देखिएको छ । यसरी जनताका प्रतिनिधिहरूले देखाएको यस्तो गैरजिम्मेवार व्यवहारले गर्दा आज सम्पूर्ण नेपाली जनताको शीर निहुरिएको छ । नेपाली जनताको शीर निहुर्‍याउने काम जनताका प्रतिनिधिहरूले गरेका छन् । यो उनीहरूको अनभिज्ञताको अर्को राम्रो प्रमाण हो ।

नेपाल संयुक्त राष्ट्रसंघको  सदस्य भएको झण्डै ६ दशक पुरा भइसकेको र यही समयमा दुई-दुई पटक सुरक्षा परिषद्को सदस्य बनिसकेको मुलुकलाई सर्वाभौमसत्ता सम्पन मुलुक भन्दा ताली बजाउनुले सभासदहरू कति अनभिज्ञ र अज्ञानतामा रहेछन् भन्ने प्रष्ठ भएको छ । सभासदहरूलाई जनताले मत दिएर संविधानसभामा पुर्‍याएका हुन्, त्यो नै मुलुक सार्वभौमसत्ता सम्पन्न भएको सबैभन्दा ठूलो प्रमाण भएपनि त्यसलाई स्वीकार गर्नुको बदला कुनै विदेशी मुलुकका नेताले नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक हो भनेर उद्घोष गर्दा ताली बजाउनु भनेको अनभिज्ञता प्रकट गर्नुबाहेक अन्य केही हुन सक्दैन । नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक भए जस्तै भगवान गौतम वुद्धको जन्मस्थल पनि लुम्बिनी भएको सत्य वास्तविकतालाई मोदीले बोल्दा मोदीको कदलाई उचाइ मिल्छ तर विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक मुलुकको सरकार प्रमुखले सत्य र अन्तर्राष्ट्रिय मान्यता विपरित बोल्दा हाम्रा सांसदहरूले त्यही बोलीलाई तालीले स्वागत गर्नुले के संकेत गर्दछ । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकका सरकार प्रमुखहरूले अन्तर्राष्ट्रिय मान्यता विपरितका कुराहरू बोल्ने गरेको आजसम्म कहीँ कतै नसुनिएको र नदेखिएको भए पनि भारतीय प्रधानमन्त्रीले किन सत्य वास्तविकता र अन्तर्राष्ट्रिय मान्यता विपरितका कुराहरू बोले त्यसको लेखाजोखा र बहसको विषय हुनै पर्दछ ।

भारत सरकारको आधिकारिक धारणामा अहिलेसम्म कुनै फरक आएको छैन । भारतको नीति फेरिएको छैन । त्यतिमात्र अर्थात् सत्तामा पार्टीमात्र फेरिएको छ । लुम्बिनी नै गौतम वुद्धको जन्मस्थल भएकोमा भारत पहिला नै विश्वस्त रहेको र मोदीभन्दा पहिलाकै सरकारले समेत त्यसलाई स्वीकार गरिसकेको हुनाले मोदीले वुद्ध लुम्बिनीमै जन्मिएका हुन् भनेर प्रमाणपत्र दिनुपर्ने आवश्यकता थिएन र छैन । भारतका केही स्वार्थीहरू दुई-चार जनाले विवाद सिर्जना गर्दा वा अज्ञानतामा अन्यथा भन्दा सत्य तथ्य फरक पर्न सक्दैन । विश्व जगतले नै वुद्ध लुम्बिनीमा जन्मिएको स्वीकार गरिसकेको र संयुक्त राष्ट्र संघको केन्द्रीय कार्यालयमा समेत वुद्धको शालिक निर्माण अन्तिम चरणमा पुगेको अवस्थामा भारतीय प्रधानमन्त्रीले वुद्ध लुम्बिनीमै जन्मिएका हुन् भनेर संसदमा संवोधन गर्दा ताली बजाउनुले सांसदहरूको हिनताबोध र अज्ञानतलाई उजागार गरेको छ । संस्थागत रूपमै यस्तो अज्ञानता र हिनतावोध हुनु भनेको ज्ञान र विश्वासको संकट पनि हो ।

नेपाल पहिलादेखि नै एक सार्वभौमसत्ता सम्पन्न मुलुक हो । त्यस कारण कसैले नेपाललाई सार्वभौमसत्ता सम्पन्न मुलुक हो भनेर प्रमाणपत्र दिइरहनु आवश्यक छैन । सार्वभौमसत्ता सम्पन्न मुलुक नभएको भए कसरी नेपाल ६ दशकदेखि संयुक्त राष्ट्र संघको सदस्य रहिरह्यो त ? यसरी एउटा सार्वभौमसत्ता सम्पन्न मुलुकलाई कसैले सार्वभौमसत्ता सम्पन्न मुलुक भनिदिएमा जनताका प्रतिनिधिहरू हौँ भन्नेहरूले त्यसलाई विश्वास गरेर ताली बजाउनु भनेको नेपाली जनताको ठाडो अपमान हो । के उनीहरूलाई आजसम्म आफूहरू सार्वभौमसत्ता सम्पन्न मुलुकको सांसद भएको विश्वास थिएन न त ? किन उनीहरूले विदेशीहरूको मुखबाट त्यो प्रमाण-पत्र लिन खोजे ? भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संसदमा गरेको संवोधनले नेपाली जनताका मनमा मोदीलाई बास मिलेको छ । चरम अवसरवादी दलहरू र सत्तामा नगइ नहुने दलहरूलाई मोदीले राम्रो पाठ सिकाएका छन् । मधेसवादी दलहरूलाई क्षेत्रीय कुरा गर्न छाडेर राष्ट्रिय मुद्दामा लाग्नु र समग्र मुलुकको हितमा एकजुट हुन आग्रह गरेका छन् । मधेसवादी दलहरू अहिले पनि एक मधेस एक प्रदेशको पक्षमा रहेका हुनाले कुनै एक क्षेत्र र कुनै एक वर्ग विशेषका कुरा नगरी पार्टीगत स्वार्थभन्दा माथि उठेर संविधान निर्माण गर्न आग्रह गरेका हुनाले मधेसवादी दलहरूमा केही छटपटी हुन थालेको आभास पाउन थालिएको छ । हामी आफ्नै अगाडि घटेका घटनाहरूमा विश्वास गर्न सक्दैनौं र अरूले सुनाएका कुरामा विश्वास गर्दछौं । त्यसको प्रमाण हो मोदीले नेपाललाई सार्वभौम सत्ता सम्पन्न राष्ट्र भनेको, हामी आफैंलाई विश्वास भएन, भगवान गौतम वुद्ध नेपालमा जन्मिएको, अब मोदीले प्रमाण-पत्र दिए, अब हामी विश्वास गर्न बाध्य भयौं, यही हो हाम्रो राष्ट्रिय चरित्र ?

अहिले हामी संविधान निर्माणकै चरणमा रहेका छौं । संविधान निर्माण गर्नैका लागि संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको भएता पनि आजसम्म संविधानसभाले नै पूर्णता पाउन सकेको छैन भने अहिलेकै यही अवस्थामा २०७१ माघ ८ गतेभित्रमा संविधान जारी भइसक्ने सम्भावना न्यून रहेको अवस्थामा दलहरूभित्र देखिएको आन्तरिक विवाद र सुशील कोइराला सरकारको सुस्त गतिले गर्दा, जो सुकैले जे भने पनि २०७१ माघ ८ भित्रमा संविधान जारी हुन सक्दैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भने झैँ समावेशी संविधान, र सबैले स्वीकार गर्न सक्ने संविधान जारी नभएको खण्डमा त्यही संविधानले अर्को संघर्ष जन्माउन सक्ने भएको हुनाले संविधान संविधानका लागि नभएर सही रूपमा संविधान समस्या समाधानका लागि हुनुपर्दछ । संविधानले समस्या समाधानको बाटो देखाउन सक्नुपर्दछ ।

*devendrachudal@gmail.com*

# किन भनियो मोदी जिन्दावाद ?



राजन कार्की

साउन १८ गते नेपालको संसदमै उभिएर सवा अर्व भारतीय जनताका प्रतिनिधि नरेन्द्र दामोदर दास मोदीले म पशुपतिको चरणमा नमन गर्न आएको छु, बुद्ध जन्मेको पवित्र भूमिमा आएको छु भनेपछि अमेरिकामा बसेर बुद्ध भारतमा जन्मेका हुन् भन्ने फरिद जकारियाजस्ता 'डलरका ज्यामी बुद्धिजीवीहरू' अथवा सिंगापुरमा बसेर '१९५० को सन्धिले भारतलाई घाटा छ भन्ने एसडी मुनीहरू' को भ्रममा विश्व पर्नेछैन । नेपाल–भारत सम्बन्ध समानताको बाटो अघि बढ्छ, यो निश्चित हो । भारतमा नक्कली लुम्बिनी निर्माण गर्ने काइतेहरूबाट पनि नेपालले घाइते भइरहनुपर्ने छैन ।

मोदी सभासद्हरूतिर औंला ठड्याइ ठड्याइ युद्ध होइन बुद्ध, शस्त्र होइन शास्त्रसम्मत हुन प्रेरित गरिरहेका थिए । मोदी फर्केपछि प्रचण्डले नाक फुलाएर भने मलाई मोदीले अशोक सम्राटसँग तुलना गरिदिए । को थिए अशोक सम्राट ? इशापूर्व (२७३–२३२) हिन्दकुशदेखि मैसुरसम्म र बंगालदेखि अफगानिस्तानसम्मको भूभागका चक्रवर्ती महाराजा थिए अशोक । ई पू २६१ अर्थात राज्याभिषेकको आठौं वर्षमा कलिंगको युद्ध भयो । डेढलाख मानिस बन्दी बनाइए, एक लाखभन्दा बढी मानिसको हत्या हुनगयो । आफ्नै आँखाले यो नरसंहार देखेका सम्राट अशोक युद्धबाट बिरक्तिएर शान्तिको खोजमा निस्किए र नेपालको लुम्बिनीमा निग्रोधबाट दीक्षा लिएर बौद्धमार्गी मात्र बनेनन्, बौद्धधर्मको प्रचार गर्न थाले । आज पनि मायादेवीको मन्दिर परिसरमा अशोक स्तम्भका रूपमा सम्राट अशोकलाई खडा भएको देख्न सकिन्छ । प्रचण्डले पनि २०५२ साल फागुन १ गतेदेखि (२०६२ मंसिर ७ गते १२ बुँदे दिल्ली सम्झौताको १० वर्षसम्म) लुकेर र छकाएर हान्ने जनयुद्ध गरे, १७ हजारभन्दा बढी जनता मारिए, लाखौंको बिजोक भयो । त्यसपछि (२०६३ साल मंसिर ५ गते बृहद शान्ति सम्झौता) जंगलमार्गलाई त्यागेर लोकमार्ग अँगालेका प्रचण्डले ०७१ साल साउन आइपुग्दासमेत संक्रमणको अन्त गराएर शान्ति र बिधिको शासन बसाल्न सकेनन् । चीनको ३ अर्व डलर लगानी हुने सम्भाबना देख्नासाथ लुम्बिनीको बृहत्तर विकास परियोजनाका प्रमुख समेत बन्न पुगेका प्रचण्डले बुद्धको नाममा अमेरिकासम्मको सफर गरे, राष्ट्रसंघका महासचिव बानकी मुनलाई पनि भेटे तर उनीभित्र बुद्ध शान्ति छ भनेर प्रमाणित गर्न सकेनन् । बिद्रोहको अँध्यारोमै भड्किरहेका प्रचण्ड बिद्रोही नेकपा–माओवादी र बिखण्डनकारी मधेसी दलहरूसँग मोर्चाबन्दी गर्न पुगेका छन् । (मधेसी नेताहरूले नरेन्द्र मोदीलाई समेत मधेसवादका लागि हतियार बनाउन खोजेका थिए, भला मोदीले नेपाल बुझेका रहेछन् र उनले समष्टि नेपालको कुरा गर्नोस् भनेर मधेसवादीको मुखमा बुजो ठोसिदिए) संसदमा बसेर बिद्रोहको मोर्चाबन्दी गर्न उनलाई बुद्धले होइन, युद्धले उक्साएको मान्न सकिन्छ । अर्थात प्रचण्डभित्र अझै बुद्ध टुसाएकै छैन । प्रचण्डभित्र बुद्ध पलाएको भए ५ माओवादी अथवा मधेसवादी मोर्चा होइन, संविधानसभामा संविधान निर्माण मोर्चा बनाउन अग्रसर हुनेथिए ।

नरेन्द्र मोदीले साउन १८ गते संसदलाई संवोधन गरे । म नेपाललाई हिट गर्न चाहन्छु भन्दै हिट अर्थैत् हाइवे, इन्फर्मेशन वे र ट्रान्सफर्मेशन (ट्रान्समिसन) को जरूरत छ र त्यसमा भारत सहयोग गर्न तैयार रहेको बताए । भारतीय विदेश मन्त्रालयले मोदीको ४ नेपाल सूत्र को–अपरेशन ( सहकार्य), कनेक्टिभिटी (सम्पर्क), कल्चर (संस्कृति) र कन्स्टिच्युसन (संविधान) पनि सार्वजनिक गरेको छ । यसैवीच भारतले कालापानी, सुस्तालगायतका सबै सन्धि सम्झौतामा नेपाल के चाहन्छ ? भनेर खुला रूपमा समस्याको पहिचान र समाधानको मार्ग खोज्न चाहेको छ । अर्थात भारत स्वतन्त्र भएपछि भारतले पहिलोपल्ट नेपालमा 'फुटाउ र राजगर'को नीति परित्याग गरेर नयाँ छिमेकनीति तैयार गर्न खोजेको देखिन्छ । त्यसकारण इतिहासमै पहिलोपल्ट अत्यन्तै कडा सुरक्षालाई परित्याग गरेर नरेन्द्र मोदी वानेश्वर, चावहिल र गौसालामा जनताका माझ निस्किए र आमजनतासँग हात मिलाएपछि नेपाली जनताले 'मोदी जिन्दावाद' भनेर नारा लगाए । कुनै पनि भारतीय नेताका पक्षमा यसरी जिन्दावादको नारा लाग्नु आश्चर्यको घटनाभन्दा कम होइन । भारतका प्रति उवालमा रहेको घृणाभावको न्यूनिकरणको सुरूआत मान्नुपर्छ यो घटना ।

मोदी पशुपतिनाथको रूद्राभिषेक लिन आएका थिए, आफ्नो धार्मिक अनुष्ठान सकेर भोलिपल्टै गए । तर, भारतमा मोदीको नमो नमो चल्यो, नेपालमा मोदी मन्त्रले तरङ्ग नै ल्यायो । नेता हुनु त यस्तो पो भन्ने छाप छोडेर गए मोदी । मोदीले १९५० पछिको संशय बढेर पहाड बनिसकेको अविश्वासलाई विश्वासमा बदल्न सकिने आशा जगाएर गएका छन् । भारतका कुनै नेता आए कि नेपाल लुट्न आयो भन्ने मानसिकतालाई बदल्ने प्रयास थालेका छन् मोदीले । मोदीले संसदमा भनेका थिए– भारतको स्वतन्त्रता आन्दोलनमा नेपालीले पनि रगत बगाएका छन् । त्यो नेपाली त्याग महान राजनेताले मात्र सम्झना गर्नसक्छ । त्यो सम्झना मोदीले गरेका छन् र मोदीलाई थाहा छ– नेपालमा रगत बग्यो भने गंगा पनि रगताम्मे हुन्छ । काशीबाट चुनाव जितेका मोदीले उमा भारतीलाई जल संशाधन मन्त्री बनाएर गंगा नदी (आमा) को सफाइको जिम्मा दिएका छन् । गंगा सफा पार्न गंगाको उद्गम नेपाल सफा, शान्त र सुदृढ हुन जरूरी छ भन्ने मोदीले बुझेका छन् ।

१९४७ मा स्वतन्त्र भएको भारतले १९५० देखि सन २०१४ सम्म नेपालसँग खेलबाडमात्रै गरेको छ । एउटा हातले केही दिएजस्तो गरेर अर्को हातले लुटिरहेको छ । नदी हाम्रो अधिकार भारतको । सीमा हाम्रो, अतिक्रमण गर्छन् भारतीयहरु । छोरीबेटी हाम्रा, बलात्कार गर्छन्, भारतीय एसएसबी । शासन हाम्रो, हैकम चलाउँछन् भारतीय । परिवर्तन हाम्रो, निर्णय गर्छ भारतीय दूतावास । यतिसम्म कि परिवर्तनपछि प्रचण्ड सरकार प्रमुख बने र त्यसपछि माधव नेपाल ( चुनाव हारेका), झलनाथ खनाल, वावुराम भट्टराई र खिलराज रेग्मीको सरकार बनाउने योजनासमेत भारतमा बन्यो । आश्चर्यको घटना त के भयो भने आफैले निर्णय मागेर सुशील कोइरालाको नाम कांग्रेसले पठाउँदा प्रचण्डले रिजेक्ट गर्नु पछाडि प्रचण्डको रअ प्रमुखसँगको हिमचिमलाई मानियो । हुन पनि प्रचण्डले एमाओवादीको हेटौंडा अधिवेशनबाट खिलराजको नाम पारित गरेर चुनावी प्रधानमन्त्री बनाइदिए । कूटनीतिक बृत्तमा चर्चा चलेको थियो– केभी राजन राजदूत हुँदा सुशील कोइरालालाई आइएसआईको एजेन्ट भनेर रिपोर्टिङ् भएको आधारमा सुशील दिल्लीको कालोसूचीमा परेका थिए । भलै, यसपटक प्रचण्ड पाहा पछारिएझैं पछारिए र कांग्रेस ठूलो पार्टी बन्यो । यही आधारमा नेपालको प्रधानमन्त्री सुशील बनेका छन् र सुशीलले नै भारतमा बहुमतका साथ सत्तामा पुगेको भाजपाका नेता तथा प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदीलाई स्वागत गर्ने अवसर पाए । राजनीतिको मार्ग र खोलाको मार्ग सिधा हिड्दैन भनेको यही हो शायद । मोदीले संसदमा उभिएर नेपाललाई १९५० पछि पहिलोपल्ट सार्वभौम सम्पन्न राष्ट्रको दर्जामा सम्मान गरे । धन्यवाद मोदी । नेपालीको मन जितेर गएका मोदीले १८८० किलोमिटर लामो खुला सिमानामा मैत्री 'ब्रिज' बनाउन सके भने नेपाल र नेपालीको सम्मान पनि जित्नेछन् । हामी चाहन्छौं, प्रत्येक दिन सीमामो नेपालीको इज्जत लुट्न रोकियोस्, पैदल र साइकलवालाहरूलाई सकस दिन बन्द गरियोस्, भारतमा श्रम बेचेर सानो खुशी बोकेर घर फर्केका नेपालीहरूलाई दुःख दिन छाडियोस् । नेपालका बिग हाउसलाई सभासद बेच्ने वा आफ्ना श्रीमतीहरूलाई सभासद बनाएर राजनीतिक शक्तिका रूपमा रहेका केही नेताहरू भारतकै कृपापात्र बनिरहन चाहन्छन् र यो चाहना सुन्निएर मोटाएजस्तो भन्ने मोदीले बुझ्नुपर्छ । जनस्तरको नेपाल–भारत मैत्रीलाई ठोस आधार दिनुपर्छ । मोदीले बुझ्नुपर्छ ११ सय ११ किलोमिटर उत्तरतिर सीमा जोडिएको भए पनि नेपालको 'रोटी र बेटी'को सम्बन्ध भारतसँगै छ र कोही पनि भारत विरोधी हुनसक्दैन । भारतले मात्र पैसा बाँडेर सुराक लिने र बन्दुक देखाएर सीमा लुट्ने काम बन्द गरिदिनुपर्छ । १९५० को सन्धि र कालापानीजस्ता समस्या समाधान गर्न प्रमाणिक आधारलाई मन्जुर गर्नुपर्छ । यति भयो भने भारतको हातमा नेपालको साथ मिल्ने निश्चित छ । नेपालीको सानो आकांक्षा छ : नेपाल भारतवीचका समस्याहरू मानवोचित दृष्टिकोणबाट समाधान खोजियोस् ।

भारतको आरोप छ– नेपालमा आइएसआईको घुसपैठ भइरहेछ । नक्कली भारूको चलखेल गरेर भारतको अर्थतन्त्र सखाप पारिदैछ । भारतलाई असुरक्षित पार्ने यिनै समस्यालाई रोक्न भारतले दूतावासलाई नेपालको समानान्तर सरकारजस्तो चलाइरहेको छ । छात्रबृत्ति र पैसा बाँडेर भारतको यी मेजर समस्या समाधान हुनसक्दैन । नेपालको हैसियत बृद्धि गर्न सघाउने हो भने स्थिर नेपालले भारत र चीन दुबैको सुरक्षा चासोलाई राम्रोसँग संवोधन गरिदिनसक्छ । यसकारण दुबै छिमेकीले नेपालको हैसियत र हिम्मतबृद्धिमा सघाउनु बुद्धिमानी हुनेछ । यही आधारमा आपसी विश्वास स्टिलजस्तो दह्रो र इस्पातजस्तो धारिलो हुनेछ । मोदीको नेपाल भ्रमणको सफलताले हिजोका गल्ती गिजोल्ने होइन, आउने दिनमा विश्वास बढाउने जाँगर देखाउनु पर्छ ।

सवासय करोड जनताका नेता कुर्तं सुरूवाल र स्टकोटमा । लवाईमा कुनै तडकभडक थिएन । थियो त बोलीमा सत्यता, सादगी र सादगीमा ओजन । अहा, सुनिरहुँजस्तो अभिव्यक्ति । ०६३ सालको परिवर्तनपछि हाम्रा प्रत्येक नेता फेसनमा चुर्लुम्मै डुबे । करोडौंको घर र दुईलाख पर्ने खाटमा सुत्ने भए । मानवीयता, जनसेवा, राजनेता भनेको के हो ? जनताबाट उठेको र टुप्पाबाट पलाएकोमा भिन्नता के हुन्छ ? त्यो मोदी र हाम्रा नेताहरूलाई दाँजे स्पष्ट हुन्छ । चुतेहलाई फादर अफ रेड आर्मी मानिन्छ । प्रचण्ड नेपाली माओवादका महारथी नै हुन् । अरू त अरू, ढुंगा मन भएका प्रचण्डहरूलाई पनि पानी पानी पारेर र कर्कलो गलाएजसरी गलाएर गए मोदी । कांग्रेसका सभापति तथा प्रधानमन्त्री सुशील कोइराला त गरूडको छायाँ परेझैं होसै गुम भएझैं देखिए । माधव नेपाल र झलनाथ त भेट गर्न पनि गएनन् । ओलीले मोदीको आशालाई निराश नपार्ने र समयमै संविधान जारी गर्ने बचन दिए ।

मोदी आए, गए । यो ठूलो कुरा होइन । ठूलो कुरा मोदीले नेपाल–भारत सम्बन्ध र नेपाली जनप्रतिनिधिहरूलाई झकझक्याएर गए, त्यो ठूलो कुरा हो । ऋषिमन लिएर हिमाल पहाड तराईलाई जोड्ने संविधान बनाउन सफलता मिलोस् भनेर गए, नेपाली नेताहरूको नून बोक्ने खच्चरे दिमागलाई 'धिरे से मारा जोडका धक्का' भनेको यही हो । अव हाम्रा नासुर बनेका नेताहरूले बुझ्नुपर्छ : नेपालीले नासिरजस्ता आम जनतालाई र तल्लो तप्काका महिलालाई चेतनशील र अधिकार सम्पन्न बनाउने नेता खोजेका छन् । जति पनि नेता बनेर जनताको रगत चुसिरहेका छन्, तिनले खलनायक होइन, जनसेवक राजनीतिका नायक बनेर देखाइदिनुपर्‍यो ।

# भारत संघ, भारत वर्ष र भारतीय उपमहाद्वीप

*स्वयम्भुनाथ कार्की*

शब्दको खेल गजवको हुन्छ, अनि शब्दको शक्ति धेरै असरदार हुन्छ । केही शब्दको चलाखीपूर्ण प्रयोगले आत्नो अभिष्ट कसरी पुरा हुन्छ भन्ने कुराको गतिलो उदाहरण हुन यी शब्दहरू र तीनलाई समानार्थीको भ्रम दिनु । भारत बर्ष र भारतिय उपमहद्विप अर्थमा धेरै समान भए पनि भारत संघको समानार्थी पटक्कै होईनन् । एक मुलुकको रूपमा भारत संघको उदय भएको भर्खर साठीबाट उभो लागेर सत्तरी बर्ष टेकेकै छैन । ईतिहास, पुराण आदिमा एक क्षेत्र विषेशलाई भारत बर्ष भनिएको छ । जो कुनै एक मुलुकको सम्पूर्ण अधिन कहिल्यै भएन, युद्धमा जितेर सांकेतिक अधिनता स्विकार गराएर केही कर लिने सम्राटहरू पनि केही भए । तीनिहरूलाई नै चक्रवर्ती सम्राट भनियो , तर न ईतिहासमा न कुनै पुराणमा नै भारतबर्षको सम्पूर्ण शासन प्रशासन एकै राज्यको रूपमा चलेको उदाहरण पाईन्छ ।

यस किसिमको चक्रवर्ती रूप भोटका सम्राट स्रङ्चङ्गम्पोको पनि लिक्ष्विकालमा देखिएको छ, जसले चीन र काठमाण्डौका राजालाई कयल गराएर सलामीको रूपमा भृकुटी र चीनका राजाको छोरी प्राप्त गरेको इतिहासले बताउछ । श्वेत तारा र हरित ताराका रूपमा उनले ती दुवै राजकन्यालाई अर्धाङ्गिनी बनाएका थिए । तर काठमाण्डौ र चीन भोटको हिस्सा भएनन् । त्यसैले भारतवर्षको सम्पूर्ण हिस्सा कहिल्यै पनि भारत संघको भाग रहेन, न भारत बर्ष भनेको भारत संघको समानार्थी हो । अझ भारतिय उपमहाद्विप त एक भौगोलिक क्षेत्र हो, यसलाई भारत संघको अधिन मान्नु सरासर अज्ञाता मात्र हो । युगौदेखि प्रचलित भारत बर्ष नाम वा भारतिय उपमहाद्विप क्षेत्र र भारत संघको केवल एक सम्वन्घ छ, त्यो हो भारत संघ भारतीय उपमहाद्विपमा अवस्थित धैरै स्वतन्त्र मुलुक मध्ये एक हो जसले भारत बर्ष वा भारतिय उपमहाद्विपको सानो भूभाग ओगटेको छ ।

जसरी दक्षिण अफ्रिका देशले दक्षिण अफ्रिका महादेशको एक भुभाग ओगटेको छ । यो केवल एक किसिमको मानसिक अतिक्रमण मात्र हो जसले यस भूभागका अन्य स्वतन्त्र मुलुककालाई सम्पुर्ण भारत बर्ष भनेको र भारत संघ भनेको एकै हो भनेर गलत कुरा सोच्न प्रेरित गरेको छ । पौने शताव्दि उमेर पनि नपुगेको मुलुकले यो सम्पूर्ण भारत बर्ष आफै हो भन्ने छनक दिनु नै त्यहाका केही विस्तारवादी सोच बोकेकाहरूको दिर्घकालिन योजना मात्र हो । युगौदेखि अलग अस्तित्व भएका अन्य सार्वभौम मुलुकहरू जसका भौगोलिक स्थान भारत बर्षमा छ ती कुनै भरखरको कान्छो मुलुकले आत्नो नाम भारत राख्दैमा त्यसको हिस्सा हुदैनन् । तर, भारत संघ र भारत बर्ष भनेको एकै कुरा हो भनेर स्थापित गराउन सकियो भने यो संभव काम पनि हुन सक्छ कि भनेर राष्ट्रप्रेमको खोलमा भारत बर्ष शव्दमाथी प्रहार गरेर मानसिक अतिक्रमण निरन्तर चलिरहेको छ ।

यस्तै किसिमको अर्को मानसिक अतिक्रमण हिन्दुस्थान शव्दले पनि गरिने गरेको छ । भारत संघकोजम्मा दुई अधिकारिक नाम छन, हिन्दिमा भारत वा भारत संघ अनि अंग्रेजीमा ईन्डीया । हिन्दुस्थान इन्डीयाको कुनै आधिकरिक नाम हैन । अंग्रेजहरूले उपनिवेश छोड्दा एक किसिमको सहमती भएको थियो । दुई संघीय मुलुक गठन गर्ने , भारत र पाकिस्थान , जसमा जो जो सामेल हुन जान्छ त्यो त्यहा सामेल हुने । जुन देशहरू यी दुवै संघमा सामेल हुन चहान्न तीनिहरू अलग नै रहन पाउने । एक अर्काको भुभागमा रहेका मानिसहरू आफुलाई मन लागेको मुलुकमा बसाई सर्न पाउने । पाकिस्थानको विजारोपण इस्लाम धर्मको आधारमा भएको थियो त्यसैको विलोममा भारत हिन्दुहरूको भन्ने केवल धारणा मात्र रह्यो । भारत हिन्दु मुलुक भएन यो धर्म निरपेक्ष मुलुक भयो त्यसैले अलंकारिकरूपमा हिन्दुस्थान भने पनि भारत औपचारिक हिन्दुस्थान भएन ।

अंग्रेजहरूले यो भुभाग छोडेपछि कयौ देशहरू भारत संघमा मिल्न आए । यहासम्म कि पुर्तगालीहरूको उपनिवेशबाट भए पछि पनि केही मुलुक भारत संघमा मिल्न आए । यसैको कान्छो कडी सिक्किम हो । हिन्दुस्थान औवचारिक भारत संघ होईन न हिन्दुहरूको घोषित राष्ट्र नै हो । वर्तमानमा हिन्दुहरूको कुनै राष्ट्र छैन त्यसैले न लाक्षणिक न औवचारिक नै कुनै हिन्दुस्थानको अस्तित्व यो संसारमा छ । हिन्दु भनिनु भारत संघको हुनु हो भन्ने जुन कुप्रचार वर्तमानमा भई रहेको छ त्यो पनि भारत संघका केहि विस्तावादी चरित्रको नेपाली माथीको मासिक अतिक्रमण हो । यस्ता किसिमका मानसिक अतिक्रमण साह्रै डरलाग्दा हुन्छन । भौगोलिक सिमा अतिक्रमण संसारले देख्नेकिसिमको अतिक्रमण हो । यसको सामना गर्ने उपाय हुन्छ तर यस्ता मानसिक अतिक्रमणबाट केवल जागरूकताले मात्र बच्न सकिन्छ, त्यसैले भारत बर्ष भारत संघ हो र हिन्दुस्थान भन्नु भारत संघ हो भन्ने मानसिक दासताबाट मुक्त हुनु जरूरी छ ।

# Tribute to the Quaid-i-Azam Muhammad Ali Jinnah

*Mohammad Jamil*

QUAID-i-Azam Muhammad Ali Jinah was a brilliant statesman and one of the most charismatic leaders in the recent history that happened to be there at the right moment when Muslims of the undivided India were facing stark challenges of life. Before partition, Muslims were not allowed to lead their lives according to their faith and culture; they were deprived of their basic rights, and were not provided equal opportunities in education, services and business fields. But beauty of the Quaid's leadership was that there was hardly any instance in the annals of history whereby a leader got independence and created a sovereign state without a shot being fired. In the words of Professor Akbar S Ahmed, a Cambridge scholar: "Islam gave the Muslims of India sense of identity; dynasties such as the Mughals had given them territory; poets like Iqbal created in them a sense of destiny; Jinnah's heroic stature can be understood from the fact that by leading the Pakistan movement and creating the state of Pakistan, he gave them all three".

He had stood for the rights of the Muslims even when he was member of the Congress. In 1916, Lacknow Pact was the result of his efforts whereby Congress accepted the rights of the Muslims for separate constituencies, and was willing to give constitutional guarantees to them. However, when Quaid-i-Azam was convinced that Muslims could not expect a fair deal from the Congress in united India, as Gandhi had claimed that Congress alone represented India, the Quaid made up his mind not to accept less than a separate homeland for the Muslims. Those who criticize Jinnah for not supporting the "Quit India movement" launched by Congress did not have the vision to understand the Quaid's strategy. In his memoirs, former Congress President Abul Kalam Azad had said: "The scheme in my mind was that as soon as the Japanese reached Bengal, and the British forces withdrew towards Bihar, the Congress would step in and take over the control of country". This is enough to vindicate Quaid-i-Azam's position and his decision to accept nothing short of an independent country.

Those who consider creation of Pakistan as an intrigue of the British and Quaid-i-Azam should read personal report of the last Viceroy Lord Mountbatten sent to the British government vide Report No. 3 dated 17th April 1947, in which he passed derogatory remarks about the Quaid, labeling him "stubborn and a psycho-pathetic case". Quaid-i-Azam was a man of principles and a trendsetter who introduced a new style in politics, and set very high standards and values. He never compromised on principles but as s matter of strategy he showed flexibility on less important issues with a view to achieving broader objective. It was in this context that he never showed stubbornness and considered each and every proposal whether coming from the British or the Congress in the form of Lucknow Pact, Roundtable Conference or Cabinet Mission, and wished to use every opportunity including his Fourteen Points for securing the rights of the Muslims. A great majority of Muslims of the sub-continent had reposed full confidence in Quaid-i-Azam because they accepted his concept and perception of the new state - Pakistan.

Today, the myriad political and religious parties, intellectuals and pseudo-intellectuals have variegated views and perceptions about the purpose for and rationale behind the creation of Pakistan. Nevertheless, it is not difficult to conclude from his speeches that he was a democrat, but was against unbridled capitalism and feudalism. He had declared in unequivocal terms that beneficiaries of jagirs, feudal lords and exploiters were to have no place of privilege in an independent Pakistan. The problem, however, is that his speeches are often misinterpreted by the vested interest especially status quo forces. Some of them insist that Pakistan was created in the name of Islam; therefore Shariah should be enforced. While others hold the view that it was created to rid the Muslims of the exploitation by the Hindu majority.

Quaid-i-Azam had envisioned Pakistan to be a modern progressive state, rooted in the eternal values of our religion and at the same time responsive to the imperatives of constant change. In his presidential address at the All India Muslim League session at Delhi on 24th April 1943 he outlined his vision about Pakistan: "I have visited villages; there are millions and millions of our people who hardly get one meal a day. Is this civilization? If that is the idea of Pakistan I would not have it". In his address before the Constituent Assembly on 11th August 1947, he outlined his vision about Pakistan, and vowed to fight corruption, bribery and black marketing, and asseverated not to tolerate jobbery and nepotism. In fact, it was well thought-out first policy statement in which he had given guidelines and the parameters within which constitution of Pakistan should be framed by the representatives of the people.

He stated: "You are free; you are free to go to your temples; you are free to go to your mosques or to any other place or worship in this State of Pakistan. You may belong to any religion or caste or creed that has nothing to do with the business of the State", he declared before the constituent assembly. At another occasion, he had made it absolutely clear that it was not going to a theocratic state because he was aware of the fact that every sect would come out with its own interpretation of the Holy Qur'an and Sunnah. And the resultant conflicts and clashes between the sects could lead to bloodshed. Quaid-i-Azam had indeed said that we would seek guidance from the Holy Qur'an for ensuring socio-economic justice in the society, but did not hint even remotely that shareah would be enforced in Pakistan. According to the desire of the Quaid, no law can be passed against the injunctions of the Holy Quran and Sunnah, and efforts should be made to bring laws in accordance with the dictates of our noble religion.




# राजनीतिक दुर्घटनाको सम्भावना

*उपेन्द्र झा*

नेपालमा उठेका अधिकारका आन्दोलनहरूको आफनो स्वार्थमा प्रयोग गर्दै आएका राजनीतिक दलहरूले जनताको अधिकार सुनिश्चित गर्न स्थापित गरिएको संविधान सभालाई पनि छाडेनन् । सत्तामा एकल वर्चस्व राख्न मन पराउने खसवर्गीय कूटनीतिले अधिकार बाँडफाँड गर्ने पहिलो संविधान सभालाई नै निरुद्देश्य बनायो । संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गरि राजनीतिक दलहरूले जन साझेदारीको राज्यसत्ता निर्माण गर्ने नयाँ रोडम्याप बनाए पनि पछि आफनो अस्तित्व नै खतरामा पर्ने कपोल कल्पित भयको सम्भावनाले प्रतिगमनतिर कै यात्रा गर्न रुचाए । शक्तिकेन्द्रहरूले पनि संघीयताको विपक्षमानै सघाएकाले राजनीतिक दलहरु आफनो भए भरका शक्तिहरूको प्रयोग गरि संघीयता बिषयको बहस, छलफललाई नकारात्मक दिशातिर बढाएर राम्रो जनमत तयार पारि पहिलो संविधान सभालाई अन्त गऱ्यो ।

यथास्थिति तथा प्रगतिशीलताको दुई खेमामा विभक्त भई राजनीतिक दलहरूले पहिलो संविधान सभाको मञ्चमा दुई कडा प्रतिस्पर्धीको रूपमा जुन नाटक मञ्चन गऱ्यो, त्यसको एउटै उद्देश्य थियो- नेपाली राजनीतिबाट संविधान सभालाई कसरी बाहिर फ्याक्ने । पार्टीहरूमा वैचारिक भिन्नता रहेपनि संघीयताको सवालमा विचार मिलेपछि धैरै साजिशपूर्ण ढंगले संविधान सभाको अन्त गरियो । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान नबनाएर संविधान सभाको अन्तलाई जनताले पचाउन सक्दैन भनेर अर्को संविधान सभाको चुनाव गराउने घोषणा गरिएको हो । यो षडयन्त्र प्रतिस्पर्धात्मक रूपमा सबै राजनीतिक दलहरूको समान धारणाको आधारमा सम्पन्न भएको हो । नेपाली राज्यसत्ताको एकल तथा केन्द्रीकृत स्वरूपलाई यहाँको शासकवर्ग मात्र होइन, शक्तिकेन्द्रहरूले पनि जोगाएका छन् । पहिलो संविधान सभाको जनमुखी स्वरूपलाई यथास्थितिवादी शक्तिले मन पराएको थिएन । सत्तामा पहिलो शक्तिको रूपमा उदाएको एमाओवादीको अतिवादले यथास्थितिवादी शक्तिलाई मलजल गऱ्यो । दोश्रो र तेश्रो शक्तिको रूपमा रहेका नेपाली काँग्रेस र एमाले पहिलो संविधान सभाको अन्त चाहन्थे । एमाओवादीको क्रियाकलापले सघाएपछि यो काम सहज हुन पुग्यो ।

पहिलो संविधान सभामा पहिलो पार्टीको रूपमा देखिएको एमाओवादीको अतिवादले शक्तिकेन्द्रहरूलाई अन्ततः यथास्थितिवादी शक्तिलाई सघाउन प्रेरित गऱ्यो । आफनो शक्तिमा दिग्भ्रमित भएको एमाओवादी दोश्रो संविधान सभामा संकुचित हुन पुगे । मधेशका राजनीतिक दलहरु पनि विखण्डनका कारण दोश्रो संविधान सभामा आफनो अस्तित्व कायम राख्न सकेन । पहिलो संविधान सभादेखि संघीयता विरुद्धमा थालिएको षडयन्त्रबारे न एमाओवादीले चाल पायो न मधेशका दलहरूले बुझ्न पाए । "प्रजातान्त्रिक शक्तिलाई बलियो बनाउने रणनीति" तहत दोश्रो संविधान सभाको चुनाव गराईयो र नेपाली काँग्रेस र एमाले पहिलो दोश्रो शक्ति भएर संविधान सभामा स्पष्ट बहुमत लिएर उदाए । रणकौशलमा पारंगत रहेका न प्रचण्डले यो चमत्कारी परिणामलाई बुझ्न सक्यो, न भाग्यले जुराई दिएको शीर्षाभिमुख मधेशका दलहरूले थाहा पाए ।

दोश्रो संविधान सभामा धेरै अनुहार फेरिए पनि राजनीतिक सुत्रधारहरु भने कोही फेरिएको छैन । कमल थापा, चित्र बहादुर केसीबाहेक सबैको एजेण्डा संघीयता रहे पनि यो संविधान सभा भने संघीयता पक्षधरको प्रतिनिधित्व गर्दैन । चालाक खिलाडीहरु संघीयताको रटान छोड्न नचाहे पनि संघीयतासहितको संविधान दिन पनि चाहँदैन । संघीयतासहितको संविधान ०७१ माघ ८ गते जारि गर्ने भविष्यवाणी गरिएको छ । सो अवधीमा संघीयताको बहसलाई नकारात्मक दिशातिर उन्मुख गराएर बडो चतुरताका साथ संघीयताको जटिलतालाई प्रस्तुत गर्नेछ । मधेशले माँग गरेको "स्वायत्त मधेश एक प्रदेश" र एमाओवादीको जातीय आधारको संघीयताको बहसलाई यति विवादित बनाईयो कि पहिलो संविधान सभाको औचित्यनै समाप्त पारि दियो । विवाद बढाएर संघीयताबाट पन्छिने खसवर्गीय मानसिकता पहिलो संविधान सभामा स्पष्ट रूपमा देख्न पाईयो । अहिले पनि विभिन्न किसिमको विवाद झिकेर पहिलो संविधान सभाको स्वामित्व लिएको मुद्दालाई विवादित बनाउन थालिएको छ ।

एजेण्डाविहीन शासकीय मनोवृतिका राजनीतिक दलहरूको सत्ता पाउन र सत्तामा बनि रहन जेपनि गर्न उद्धत रहेको चारित्रिक पृष्ठभूमि छ । जनताको आवाजलाई बडो चातुर्यताका साथ पन्छाउने, ठेलेर पेलेर शासनलाई अगाडि बढाउने मानसिकता राख्नेले आफ्नो एकाधिकारलाई जनतामा कसरी बाँड्ने ? दोश्रो संविधान सभामा ती दलहरु निर्णायक भूमिकामा आएपछि त संघीयता झन शंकाको घेरामा पुगेको छ । संघीयता बिषयमा विवाद बढाउने जतिसुकै बहस गरे पनि संघीयता दिने पक्षमा भने कोही नरहेको विगतको समयले देखाएको छ ।

नेपालको राजनीतिक पृष्ठभूमिमा विधाताई भूमिकामा रहेका शक्तिकेन्द्रहरूको स्वार्थ अनुकूलनै नेपालको राजनीतिक स्वरूप हुने भएकोले मौलिकता भने लामो समयदेखि दबिएर बसेको छ । कथं कदाचित नेपाली स्वाभिमानको आवाज उठेपनि शक्तिकेन्द्रको प्रलोभनमा त्यसै दबिन्छ । नेपाली राजनीतिमा शक्तिकेन्द्रहरूको अहम् भूमिकामा यहाँका राजनीतिक दलहरु भने प्यादा सरहनै प्रयोग भएर मनग्गै स्वलाभका अवसरहरु प्राप्त गरेका छन् । आर्थिक लाभका कारण शक्तिकेन्द्रको विभिन्न खेमामा राजनीतिक दलहरु बाँडिएका छन् । प्रतिस्पर्धी खेमातिर जान नदिन मनोबाँछित आर्थिक सहयोग आउने भएकोले राजनीतिक दलहरूको "एनी हाउ पैसा कमाउ" भन्ने संस्कार तीव्र रूपमा वृद्धि भएकोले जनताको आवाज माँगि खाने भाँडो भएको छ । शक्तिकेन्द्रसंगको सन्तुलित सम्बन्ध राख्न नसकेर राजनीतिक दलहरु कहिले मित्रवत् त कहिले वैरभाव प्रदर्शन गरेर शक्तिकेन्द्रहरूलाई प्रभावित गर्दै आउँदाको प्रक्रियामा मौलिकता क्षीण बन्न पुगेको छ भने पराश्रित मानसिकताको तीब्रतर वृद्धि भएको छ । राज्यको केन्द्रीकृत स्वरूपका कारण देशको सर्वाङ्गीण विकास हुन नसकेको आधा शताब्दिको अभ्यासले देखाएको छ । यस अवधीमा न राजतन्त्रले न प्रजातन्त्रले देशको विकासको गतिलाई बढाउन सक्यो । देशमा भोकमरि, बेरोजगारी, महँगाई, बेथिति बढ्दै जाँदा अकर्मण्य सरकारको विरुद्ध जन आवाज घनीभूत भएर राज्यको स्वरूपमा आमूल परिवर्तन गर्ने जन आन्दोलन आएको हो । पुरातन शैलीले जन चाहनालाई सम्बोधन गर्न नसकेर जनताले संघीयताको आवाज घन्काएको हो । धरातलीय समस्याको मूल आवाज हो संघीयता । आफनो घर आफै बनाउँको अवधारणा हो संघीयता । तर राज्यलाई पूर्वावस्थामानै राख्ने मनोवृति लिएका शासकवर्ग शक्तिकेन्द्रलाई प्रभावित गरि समर्थन पाएर जनताको आवाजलाई पन्छाउने नीति लिएको छ । संविधानमा जटिल भएको बिषयलाई जनमत संग्रहद्वारा निर्णय गराउने प्रावधानलाई सक्रिय पारि त्यहि लगेर टुँग्याउने पृष्ठभूमि तयार गर्न लागिएको छ । यद्यपि संघीयता बिषयको बहस भने जारी नै छ । जनमत संग्रह त्यसै आउने होइन, राज्य पुनर्संरचनाको बिषयलाई जटिल बनाएर जनमत संग्रहलाई आह्वान गर्न सकिन्छ । नेपाली काँग्रेसका नेताहरूको जनमत संग्रहबारेका अभिव्यक्तिहरु पत्र पत्रिकामार्फत बाहिर आउन थालेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र राजनीतिको रोडम्याप रहे पनि यसको सहज अवतरण गराउने मानसिकता छैन । बाध्यतात्मक रूपमा स्वीकार गरिएको राजनीतिक मार्गचित्रलाई आफै निर्णायक भूमिकामा आएपछि मानि राख्ने बाध्यता अब छैन । जनमत संग्रहको पक्षमा जनमत तयार गर्नसत्तारुढ दलहरु मानसिक रूपमा तयार भई सकेका छन् । उता छिमेकी मित्रराष्ट्र भारतमा पनि सरकार फेरिएको छ । संविधान सभाको स्थापनादेखि नेपाललाई "हिन्दू राष्ट्र बनाउने" चर्को आवाज उठ्दै आई रहेको छ । नेपालमा ईसाई धर्मको तीव्र रूपमा भई रहेको वृद्धिका कारण हिन्दूधर्मको औचित्य बढेर गएको हो । सत्तारुढ दलहरु लगायत अधिकाँश राजनीतिक दलहरु नेपाललाई हिन्दूराष्ट्रकै रूपमा देख्न चाहन्छन् । नेपाली काँग्रेसको केन्द्रीय समितिमा हिन्दुधर्मको औचित्यमाथि बहसको लागि प्रस्ताव लगिएको हो । हिन्दु राष्ट्र बनाउने दिशामा उन्मुख राजनीतिक दलहरु खास गरि जनमत संग्रहको प्रस्तावलाई पास गराउन बढि प्रेरित छ ।

०६३ सालमा नेपाललाई धर्म निरपेक्ष बनाउन शक्तिकेन्द्रको खोलो बगेको थियो भने फेरि अनुकूल अवसर पाएर हिन्दुराष्ट्र नेपाल बनाउन तयार रहेका राजनीतिक दलहरूको अवसरवादिताभन्दा फरक विचार नै देखिदैन । हिन्दु धर्म स्थापनार्थ ल्याईने जनमत संग्रहको शुभ अवसरमा संघीयतालाई पनि छिराउने मानसिकता प्रवल हुँदै गएको छ । यो दुई बिषयलाई जनमत संग्रहमा छिराएर हिन्दूधर्मलाई जिताउने तथा संघीयतालाई हराएर चमत्कारिक परिणाम ल्याउने साजिशहरूको अभेद्य जाल बुनिदै छ । एकपल्ट फेरि संघीयता हार्ने कुरा स्पष्ट हुन लागेको छ । जसले जे भन्यो त्यही गरेर अवसरको मनग्गै फायदा लिन पछि नपर्ने राजनीतिक दलहरूमा मौलिकता अवलोकन गर्नु मूर्खताबाहेक अरु के हुन सक्दछ ।

भारतको विदेशमन्त्री सुष्मा स्वराज नेपाल भ्रमणको पूर्वसन्ध्यामा भारतको दैनिक "हिन्दुस्तान" मा मधेशको माँग एक मधेश एक प्रदेशप्रति भारतको पनि समर्थन रहेको र त्यसो भयो भने दुवै देशको लागि हितकर छैन भन्ने कनकमणि दीक्षितको अभिव्यक्ति सार्वजनिक भएको छ । मधेशको माँगमाभारतको समर्थन हटाउन आत्तिएर लेखेको आलेखबाट एउटा कुरा के प्रष्ट हुन्छ भने कनकमणि जी एक किसिमको फोबियाबाट ग्रसित हुनु हुन्छ । यथार्थबाट टाढा रहेको उनको यो विश्लेषणको तीर निश्चय पनि भारतको कलेजा छेडेको हुनु पर्दछ ।

# असमान शिक्षा, असमान व्यवहार

***महेशकुमार खाती***

पोखराका सरिता र रवीन दिदीभाइ हुन् । घरमा हरेक समयसँगै हुने उनीहरु स्कूल जाने बेला भने छुटिन्छन् । घर एउटै, बाबुआमा एउटै तर विद्यालय फरक । कारण, अभिभावकले छोरा र छोरीमाथि गर्ने विभेद । कक्षा ३ मा पढ्ने सरिता सरकारी विद्यालय जान्छिन्, जहाँ ढिला गए हुन्छ, धेरै गृहकार्य गर्नुपर्दैन, राम्रो लगाउनु पनि पर्दैन । उनका भाइ भने उनीभन्दा आधा घन्टापहिले विद्यालय जान्छन्, घरबाटै टिफिन लैजान्छन् ।

छोरा र छोरीमाथि शिक्षामा विभेद गरिने चलनको एउटा उदाहरण हो यो । यस्तो भेदभाव समाजमा अहिले पनि छ । छोरीलाई विद्यालय पठाउने चलन बढे पनि बढी खर्च छोराका लागि गर्ने संस्कारले भेदभाव थपिँदै गएको छ । भेदभावको स्वरूप मात्रै फेरिएको मान्छिन्, महिला तथा बालबालिका कार्यालय कास्कीकी प्रमुख पूर्णा श्रेष्ठ । छोराका लागि जति खर्च अभिभावकले गर्छन्, त्यति छोरीका लागि गर्दैनन् । श्रेष्ठ भन्छिन्, 'यसको प्रमुख कारण पितृसत्तात्मक सोच र गरिबी हो ।' धेरै स्थानमा छोराको रहरमा आठजनासम्म छोरी जन्मिएका छन् । छोरा पढाउँदा एकजना भए हुने र धेरै छोरीलाई निजी विद्यालय पढाउन नसकिने कारण छोरालाई निजी र छोरीलाई सरकारीमा पढाएको अभिभावकले बताउने गरेका छन् । शिक्षा निःशुल्क हुनसके मात्रै यो विभेद समाप्त हुनेछ ।

राम्रो शिक्षा दिन सके कमाएर पाल्छ भन्ने आशामा धेरै आमाबाबु छोरालाई लगानी गर्न अग्रसर हुने गरेका छन् । अर्कोतर्फ, अर्काको घर जाने जात भनेर छोरीमाथि लगानी गर्नु घाटाको व्यापार ठान्ने प्रवृत्ति पनि छ । पछिल्लो समय राम्रो ज्वाइँ पाइयोस् भनेर आमाबाबुले विद्यालय पठाउन थालेका छन् । यसरी विद्यालय पठाउँदा पनि तुलनात्मक रूपमा सस्तो स्कुल खोज्ने गरिन्छ । जबकि छोराका लागि जतिसुकै शुल्क तिर्न पनि उनीहरु तयार हुन्छन् ।

छोरालाई निजी स्कुलमा पठाउनुको पक्षमा विभिन्न तर्क दिने गरिएको छ । छोराको पढाइ राम्रो होला भनेर निजी विद्यालयमा पढाएको सरिताकी आमा लक्ष्मी बताउँछिन् । उनले सहजै भनिन्, 'सरकारीमा छोरीलाई पढाए पनि उनको पढाइ राम्रै छ ।' उनको भनाइ सुन्दा लाग्छ, विभेद गरेकोमा उनलाई कुनै पश्चाताप छैन । पृथ्वीचोक बस्ने सुरेन्द्र पौडेल निजी विद्यालयको कक्षा ७ मा पढ्छन् । उनकी बहिनी नम्रता भने सरकारी विद्यालय धाउँछिन् । उनी अहिले कक्षा ४ मा पढ्छिन् । सुरेन्द्र भन्छन्, 'हाम्रो घरमा यस्तो विषयमा कुरै हुँदैन ।'

सरकारी विद्यालय नवप्रभात मावि कक्षा ७ मा अध्ययन गर्ने दीपा क्षेत्रीले आफू सरकारीमा र भाइ बोर्डिङमा पढ्दै आएको बताइन् । उनी भन्छिन्, 'बाबाआमाले नै त्यसरी पढाउनुभयो, के गर्ने ? मलाई पनि बोर्डिङ पढ्न मन छ नि ।' पोखरा उपमहानगर पालिकाभित्र रहेका केही सरकारी विद्यालयका छात्र र छात्राको विवरणले यो विभेद राम्ररी देख्न सकिन्छ । सिर्जनाचोकमा रहेको श्रीराम निमाविका एक सय ३२ विद्यार्थीमध्ये ८४ छात्रा र ४८ छात्र छन् । प्रधानाध्यापक चोलाप्रसाद बरालले भने, 'हाम्रो विद्यालयमा त धेरै छात्रा अध्ययन गर्न आउँछन् । छोरालाई बोर्डिङ र छोरीलाई सरकारीमा पठाउने भएर होला, यस्तै छ ।'

विद्यालयको कक्षा ३ मा १३ जना छात्रा छन् भने दुईजना मात्र छात्र । यो वर्षको मात्र होइन, अघिल्ला वर्षको तथ्यांकले पनि त्यस्तै देखाउँछ । बरालले आर्थिक अवस्था ठीकै भएका परिवारले पनि छोरालाई बोर्डिङ र छोरीलाई सरकारी स्कुल पठाउने चलन अझै रहेको बताए । सिमलचौरस्थित जनप्रिय उच्च माविको तथ्यांक पनि उस्तै छ । जहाँ एक हजार ५८ विद्यार्थी अध्ययन गर्छन् । जसमध्ये पाँच सय ८२ छात्रा छन् । बाँकी चार सय ७६ मात्रै छात्र ।

निजी विद्यालयमा भने छात्रा कम र छात्र बढी छन् । पोखराको निजी स्कुल ज्ञानगंगा बोर्डिङमा जम्मा दुई सय विद्यार्थी छन् । जहाँ एक सय २० जना छात्र र ८० जना छात्रा छन् । अर्को निजी स्कुल ग्लोबल कलिजियटमा पनि छात्राभन्दा छात्र बढी छन् । विद्यालयका शिक्षक देवप्रकाश शर्माले नर्सरीदेखि कक्षा १२ सम्म एक हजार चार सय आठ विद्यार्थीमध्ये आठ सय आठजना छात्र र ६ सय मात्र छात्रा भएको बताए । जिल्लामा छात्रको तुलनामा बढी छात्रा भए पनि निजी स्कुलमा अध्ययन गर्नेमा छात्रको संख्या धेरै छ । शैक्षिकसत्र ०७० मा कास्कीमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या एक लाख ३५ हजार छ । जिल्लाभर कक्षा १ देखि १२ सम्म निजी र सरकारीमा गरी ६९ हजार सात सय छात्रा छन् भने छात्रको संख्या ६५ हजार तीन सय मात्रै छ ।

'जिल्ला शिक्षा कार्यालयको तथ्यांकअनुसार निजीमा छात्रा कम छन्, सरकारीमा छात्र बढी देखिन्छन्,' जिल्ला शिक्षा कार्यालय कास्कीका उपसचिव दामोदर सुवेदीले भने, 'अझै पनि छोराछोरीलाई फरक-फरक विद्यालयमा अध्ययन गराउने चलन सकिएको छैन ।' अधिकारकर्मी कमला थापाले भन्छिन्, 'जाने-बुझेकाले पनि ठूलो विभेद गर्छन् । हटाउनका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्छ । सानै उमेरमा घरबाटै विभेद हुँदा बाल मनोविज्ञानमा नराम्रो असर पर्छ ।'


**कल इण्डिया...**

मात्र **रू. २.९०** प्रति मिनेट

साथै कतार, साउदी अरेबिया, यु.ए.इ.,बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु १२ प्रति मिनेट ।

फोन गर्ने तरिका
**१४२४ + कन्ट्रिकोड + फोन नं.**

थप जानकारीको लागि

नोटिसबोर्ड नं १६१८ ०७०७ ११११ मा डायल गरी सुन्न सक्नु हुनेछ । उल्लेखित महशुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।

नेपाल टेलिकम

# मधेशमा सिँचाइको अभाव र अन्नभण्डार

*सुधा मिश्र*

नेपाललाई कृषि प्रधान देशको रूपमा चिनाउने मधेश क्षेत्र मरूभूमिको रूपमा परिणत हुन थालेको छ । अन्नभण्डार मधेशमा सिंचाइको अभावका धान, गहुँलगायतका अन्नहरू विदेशबाट आयात गनुपर्ने अवस्थाको सिर्जना हुन थालेको छ । तर, राज्यको यसतर्फ ध्यान पुगेको छैन । राज्यले कृषि क्षेत्रलाई औपचारिकतामै सीमित गरिदिएको छ । असार १५ हरेक वर्ष जस्तै यो वर्ष पनि खुब धुमधामले मनाइयो । यस अवसर पारेर राजधानीमा विभिन्न कार्यक्रमहरूको आयोजनामा धान रोपाइ सम्पन्न गरियो । विभिन्न सांस्कृतिक कार्यक्रमहरू गरियो । देशका ठूलाबडा नेताहरूसम्मले पनि हिलोको कुनै मतलब नगरि धान रोपेर असार १५ सम्पन्न गरेको छ । धान रोपाइ कार्यक्रममा देशका थुप्रै कलाकारहरूदेखि स्कुल पर्ने विद्यार्थीहरूले पनि भाग लिएका थिए । के अलिकति जमीनमा असारे गीत गाउँदै बाजा बजाउँदै रोपेका धानले देशभरका बाँझो जग्गाहरूमा धानको बाली उर्मिने हो त ? अहिलेसम्म लगभग धान रोपाइ कामहरू प्रायः सकिनु पर्ने ठाउँमा लगभग ९ प्रतिशत खेतमा मात्रै धानको रोपाइ भएको छ ।

अन्तर्राष्ट्रिय धान दिवस भनेर असार १५ गते मनाइन्छ । नेपालमा यो एघारौं धान दिवस हो । नेपालमा सन् २००४ देखि धान दिवस मनाउन थालिएको हो । बाली विजन महाशाखा खुमलटारको स्थापना देखि धान दिवस मनाइन थालिएको हो । यो दिन किसानहरू धान रोपाइ सकेपछि दही चिउरा खाने चलन छ । यही क्रमलाई निरन्तरता दिँदै हिलोमा गएर ठूलाबठा नेता तथा कलाकारहरू पनि दही चिउरा खाएर असार १५ लाई भव्यताका साथ मनाएका छन् । हो धान दिवस मनाउनु एकदम राम्रो कुरा हो तर नामको लागि मात्रै मनाएर के फाइदा ? विगत देखि देखिआएको कमी र कमजोरीहरूको निरुपण नै नगरेर धान दिवस मनाउनुको के अर्थ ? नेपाल एउटा कृषि प्रधान देश हो । यहाँको धेरै जनताहरू कृषिमा निर्भर रहेर आफ्ना जीवनयापन चलाइ रहेका छन् । कृषि धेरै जनताको साहारा भएको हुनाले सरकारले यसलाई उपेक्षा गर्नु ठीक हो र ? यहाँको जनताको बाध्यता भनेको आकासे पानीको भर पर्नु हो । त्यही कारण अहिले सम्म मात्र ९-१० प्रतिशत जमीनमा मात्रै रोपाइ भएको पाइएको छ । तराईमा पोर साल पनि आकासे पानीको कारण लगभग २२ औं जिल्लाको धेरैजसो जमीन बाँझै रहेका थिए । पोर-परार देखिएको कमी कमजोरीलाई सरोकारवाला निकायहरूले ध्यान नदिएका हुनाले यो वर्षपनि त्यही समस्या दोहोरिएको छ । कृषि मन्त्रालयको ध्यान जति पुग्नु पर्ने त्यति पुगिरहेको छैन । मधेशलाई धानको भण्डार भनिने गरिन्छ । हुन पनि मधेश धानको भण्डार हो भन्नुमा कुनै दुईमत छैन । तर सरोकारवाला निकायहरूको वेबास्ता र जलवायु परिवर्तनको कारणले गर्दा मधेशका प्रायः जसो खेतहरूमा पानीको कमीको कारण धान रोपाइ हुन सकेका छैन । २१औं शताब्दीमा पानीको आधुनिक युगमा आएर पनि मधेशका जनताहरूलाई परम्परागत ढंगबाट नै खेती गर्नुपर्ने बाध्यता रहेको छ । आधुनिकता कृषि क्षेत्रमा प्रवेश नगरेको कारण पोर पनि धानको उत्पादनमा कमी आएको थियो र यदि यही स्थिति रहि रहियो भने यो पल्ट पनि त्यही स्थिति दोहोरिन के बेर लाग्छ र ?

सिंचाइको व्यवस्था अहिलेसम्म न हुनु किसानको लागि दुर्भाग्य नै हो । कहिले सिंचाइको अभाव त कहिले समयमा मौसम अनुसारको बीउ नपाउनु यो कुरा किसानको लागि सामान्य भइसको छ । समयमा पानीको अभाव बीउको अभाव र मलको अभाव भोग्नु सायद नेपाली किसानको जीवन रेखा नै बनि सकेको छ ।

कुनैकुनै बेला बीउ र मल पाइयो भने पनि किसानहरू ठगिएका छन् । आफ्नो पसिना बगाएर लगाएका ती बालीहरू फल्ने ठाउँमा नराम्रो बीउ हुनुको कारण बाँझो भएर जान्छ भने कतिबेला फूलै लाग्दैन । यदि बालीमा फूल लागियो भने समयमा किरा मार्ने किटनासक औषधि नपाउँदा सबै बाली नष्ट हुने गरेको कारण किसानहरू समस्यामा पर्दै आएका छन् । मधेशमा धान रोपाइलाई पनि पर्वको रूपमा नै लिने गरेको छ । पहिलो दिन किसानले आफ्नो खेतमा धान रोप्दा पूजाआजा गर्ने गर्दछन् र त्यसलाई मधेश तिर 'गब' भनिन्छ । गब लागेको दिन घरमा विभिन्न प्रकारको मिठो-मिठो खानेकुराहरू पकाइन्छ । त्यो दिन साहु र कमदार सबैजना त्यही मिठो खानेकुरा खाने गर्दछन् । 'गब' लागेको दिन किसानले विधिपूर्वक पहिले धानको बाली गाडिसके पछि मात्रै कामदारहरू रोपाइ गर्ने गर्छन् । कामदारहरू मज्जाले सामुहिक रूपमा गीत गाउँदै धान रोप्न थाल्छन् । तिनीहरू मिठो गीतको लय र स्वरले गर्दा सुनसान रहने ती चौरी असार लागेपछि संगीतमय हुन जान्छ । धान रोपाइ पछि खानेबेलामा सबै जनालाई सँगै खाएको हेर्दा त्यहाँ वनभोज भएको जस्तै लाग्छ । मधेशमा खेत रोपाइ हुने ठाउँमा मेला लागे झैं त्यहाँ पानका व्यापारी, बरफका व्यापारी, हवा-मिठाई (गुलियो खोनकुरा) का व्यापारी, मलाई मुल्फीका व्यापारी त्यहाँ पुग्ने गर्दछन् र उनीहरूको व्यापार राम्रो चलेकोले उनीहरूको मुहार भरी मुस्कान फैलिएको हुन्छ । जलवायु परिवर्तनको कारण समयमा पानी नपर्नु, सिंचाइको राम्रो व्यवस्था नहुनु र किसानलाई आकासे पानीको भरमा बस्नु पर्ने कारणले गर्दा सबैकुरामा ह्रास आउँदै गएको देखिन्छ । पानी पर्ने समयमा सुख्याम हुनाले किसानहरू मर्कामा पर्ने गरेको छ । नेपालमा मनसुन बंगालको खाडी भएर भित्रिने गरिन्छ ।

मनसुनी हावापानीलाई बंगालको खाडी भएर नेपाल आउन अझै केही दिन लाग्ने मौसम विद्हरूको बनाइ छ । त्यसैले अहिले नेपालमा पूर्ण रूपले मनसुन लागेको पाइएको छैन । आंशिक मनसुनको कारण खेतबारीमा पानी जम्न सकेको छैन र पानी नजमको कारण रोपाइमा कठिनाइ भएको छ । सरकार र सरोकारवादा निकायहरूको यो पल्ट पनि खासै ध्यान पुगेको देखिदैन । मधेशका किसानहरू समस्या परेका छ । मुसलधार वर्षा हुनु त परै जाओस् टन्टलापुर घान लागिरहेको छ । यो पल्ट पनि खेत बाँझै रहला भन्ने त्रास आम किसानहरूको भित्री मनमा पसिसकेको छ । धानको रोपाइ नै नभएपछि चामल काहाँबाट आउँछ ? यही कारण होला अहिले चामलको भाउ आकासिएको छ । यसरी चामल महंगीदै गयो भने दुई चार पैसा कमाउनेहरूको कमाइ सबै चामलमा नै सकिने भयो । त्यस पछि अरु चिजहरू किन्नको लागि कहाँबाट पैसा ल्याउने । यो वर्ष धान दिवसकै दिनबाट मुस्लिम समुदायहरूको रमजान पर्व पनि सुरु भएको छ । यो एउटा संयोग नै हो । रमजान पर्व मुस्लिमहरू एक महिनासम्म मनाउने गर्छन् । सात वर्ष भन्दा माथिका सबैजना यो पर्वमा व्रत बस्नु अनिवार्य हुन्छ । जसले जति कष्ट र दुःख सहरे व्रत बस्छन् अल्लाह त्यति नै मेहरवान हुन्छन् भन्ने विश्वास रहेको पाइन्छ । त्यसैले बुढाबुढीहरू बच्चालाई तिनीहरू बसे वापत धेरै फल प्राप्त गछौं भनेर भन्ने गर्दछन् । यो पर्वमा महिना दिन पानीपनि नखाइ यो व्रत बस्ने गर्छन । सूर्य उदाउँनु अघि घरमा पकाएका मिठो खानेकुराहरू खान्छन् भने सूर्य अस्ताए पछि फलफूल खाएर व्रत तोड्ने गर्छन् । व्रत बसेको बेला मस्जिदमा गइ सामूहिक रूपमा नवाज पढ्ने गर्छन् । पुरुषहरू एकातिर बसेर पढछन् भने महिलाहरू अर्को तिर बसेर पढछन् । यी पर्व शुद्ध मन र तनले मनाउनु पर्छ भने महिनावारी भएको बेला व्रत रोक्ने र पछि महिनावारी सकिएपछि फेरी व्रत लिन सकिन्छ । महिनाको अन्तिम दिन एक आपसमा अंगालो मार्दै इद मुबारक भनेर शुभकामनाको आदान प्रदान गर्दै समाप्ति गरिन्छ ।

असार महिना भनेको तराईतिर गर्मीको महिना हो । यो महिनामा अत्याधिक गर्मीको कारण कामगर्दा मानिस पसिनाले नै नुहाउनु पुग्छन् तर पानी आज पर्छ भोलि पर्छ भन्दाभन्दै किसानहरू आ□नो पसिना खेतमा बगाउन नपाउँदा अत्याधिक दुःखी भएका छन् । हरेक साल कृषिमा आधुनिकिकरणको लागि भनेर बजेट आउँछ तर खै त्यो बजेट कहाँ जान्छ ? किसानहरूको समस्या पहिला जे थियो आज पनि त्यही छ । बरु भन्नुपर्दा बढेको नै पाइन्छ किन कि पहिला आकासे पानीले साथ दिएको थियो भने आज त्यसले पनि साथ छोडेको छ । यो साल पनि पोहरको साल जस्तै खेतहरू कहि बाँझो त नरहलान् भन्ने सोच ले नै किसानहरूको आँखामा आँशु देखिएको छ । किसानहरूको यो पिर र मर्का बुझिदिने सरकारको दायित्व होइन र ? कति दिनसम्म उनीहरूलाई आफ्नो जग्गालाई बाँझो भएको हेर्नु पर्छ ? कहिले उनीहरूको खेतमा हरिया धानको बाली लहराउँला ? कहिले मंसिरमा उनीहरूको भकारी धानले भरिएला ? उनीहरूको भकारी धानले भरिएको दिन उनीहरूको अनुहारपनि खुशी भरिएको हुन्छ । उनीहरू अनुहारमा खुशीको लहर आएर पनि त्यही लहरले सिंगो नेपाललाई नै खुशी बनाउँछ ।

*(मधेश दर्पण फिचर सेवा)*

**यो साल पनि पोहरको साल जस्तै खेतहरू कहि बाँझो त नरहलान् भन्ने सोच ले नै किसानहरूको आँखामा आँशु देखिएको छ । किसानहरूको यो पिर र मर्का बुझिदिने सरकारको दायित्व होइन र ? कति दिनसम्म उनीहरूलाई आफ्नो जग्गालाई बाँझो भएको हेर्नु पर्छ ? कहिले उनीहरूको खेतमा हरिया धानको बाली लहराउँला ? कहिले मंसिरमा उनीहरूको भकारी धानले भरिएला ? उनीहरूको भकारी धानले भरिएको दिन उनीहरूको अनुहारपनि खुशी भरिएको हुन्छ ।**

# खेलकुद

## एन्फाले माग्यो चार क्लबसँग स्पष्टिकरण

काठमाडौं । अखिल नेपाल फुटबल संघ (एन्फा)ले आन्दोलनरत चार क्लबमाथि कडाइ गर्ने संकेत गरेको छ । एन्फा कार्यसमितिको मंगलबार बसेको बैठकले 'ए' डिभिजनका फ्रेन्ड्स, हिमालयन शेर्पा, मच्छिन्द्र र सरस्वतीलाई पुनः स्पष्टिकरण सोध्ने निर्णय गरेको छ । कार्यसमिति बैठकले क्लबहरूले यसअघि पठाएको स्पष्टिकरण चित्तबुझ्दो नभएको भन्दै पुनः सोध्ने निर्णय गरेको हो ।

बैठकले ती चार क्लबलाई दुई सातामित्र चित्तबुझ्दो जवाफ दिन भनेको छ । सो अवधिमा पनि चित्तबुझ्दो जवाफ नआए एन्फाले ०७१ मा आयोजना हुने कुनै पनि प्रतियोगितामा उनीहरूलाई सहभागी नगराउने निर्णय गरेको छ । 'आन्दोलनरत क्लबहरूलाई पुनः स्पष्टिकरण सोध्ने निर्णय भएको छ,' बैठकपछि निर्णय सार्वजनिक गर्दै एन्फा अध्यक्ष गणेश थापाले भने, 'यसपटक पनि चित्तबुझ्दो जवाफ नआए उहाँहरूले यस वर्ष हुने प्रतियोगितामा सहभागिता जनाउनु हुने छैन ।'

आन्दोलन त्यागेर बैठकमा सहभागी हुने निर्णय गरेको अवस्थामा चारै क्लबको बाँकी रकम उपलब्ध गराउने निर्णय बैठकले गरेको छ । एन्फाले आन्दोलनरत क्लबहरूले अघिल्लो सिजनको तयारी तथा पुरस्कारबापत पाउनुपर्ने केही रकम अहिलेसम्म रोक्का गरेको छ । क्लबहरूले सो रकम चाँडो उपलब्ध गराउन माग गरे पनि एन्फाले त्यस सम्बन्धमा कडा निर्णय गरेको हो । 'हामी क्लबहरूको रकम रोक्ने पक्षमा छैनौं,' अध्यक्ष थापाले भने, 'उहाँहरू आन्दोलन तत्काले त्यागेर फर्केको अवस्थामा बाँकी रकम चुक्ता गरिदिनेछौं ।' बैठकले फ्रेन्ड्सलाई एन्फाविरूद्ध दायर गरेको मुद्दा फिर्ता लिन अनुरोध गरेको छ ।

बैठकले फ्रेन्ड्सलाई तीन साताको समय दिएको छ । एन्फाले फुटबलसम्बन्धी विवादलाई लिएर अदालत जानु फिफा र एएफसीको नियमविपरीत भएको जनाएको छ । फ्रेन्ड्सले गत सिजन थ्री स्टार क्लबविरूद्धको खेलमा रेफ्रीले गलत निर्णय दिएको भन्दै एन्फालाई विपक्षी बनाएर मुद्दा दर्ता गरेको थियो । 'फिफा र एएफसीको नियममा आपराधिकबाहेकका घटनालाई लिएर अदालतमा जान मिल्दैन, त्यस्तो अवस्थामा फिफाले एन्फालाई नै कारबाही गर्छ,' अध्यक्ष थापाले भने, 'त्यसैले हामी फ्रेन्ड्सलाई पनि मुद्दा फिर्ता लिन आग्रह गरेका हौं ।'

हिमालयन, मच्छिन्द्र, सरस्वती र फ्रेन्ड्स पछिल्लो केही समययता एन्फामा निर्णय तथा आर्थिक पारदर्शीको मागसहित आन्दोलनमा छन् । एन्फाको कार्यशैलीप्रति तीन उपाध्यक्ष कर्माछिरिङ शेर्पा, विजयनारायण मानन्धर, किशोर राई तथा सदस्य पंकज नेम्वाङ पनि आन्दोलनरत छन् ।

## यू-१६ प्रिमियर क्रिकेटका लागि खेलाडी छानिए

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान)ले आसन्न यू-१६ प्रिमियर क्रिकेट प्रतियोगिताका लागि १८ खेलाडीको छनोट गरेको छ । यही २९ साउनबाट मलेसियामा आयोजना हुने प्रतियोगिताका लागि क्यानले दोस्रो चरणमा १८ खेलाडीको छनोट गरेको हो ।

पहिलो चरणमा क्लोज क्याम्पमा परेका २७ जनाबाट १८ जना छानिएका हुन् । खेलाडीमा सुमित महर्जन, आसिफ शेख, प्रनित थापा, सुशान्त सिंह थापा, पवन सर्राफ, जितेन्द्रसिंह ठकुरी, रवीन्द्र शाही, रविकुमार शाह र रवि चन्द रहेका छन् । यस्तै आशिष पोखरेल, विजय चौधरी, अनिल खरेल, सुमन घिमिरे, रविन सिंह, अमन पन्थी, रिजन ढकाल, रोशन अधिकारी र सुरज बोहोरा पनि १८ जनाभित्र परेका छन् । क्यानले प्रतियोगिताका लागि अन्तिम टोलीको नाम सार्वजनिक गर्दा चार खेलाडी बाहिरिनेछन् । प्रशिक्षक राजु बस्न्यातका अनुसार कप्तानमा सुमित महर्जन र उपकप्तानमा आसिफ शेख रहनेछन् । यद्यपि क्यानले यसको आधिकारिक घोषणा भने गरिसकेको छैन ।

## बेल्जियम लाग्यो यू-१६ टोली

भदौ २१ गते बाट थाइल्याण्डमा हुने यू-१६ च्याम्पियनसिपको तयारीस्वरूप नेपाली युवा टोली बेल्जियमतर्फ लागेको छ । नेपाली टोली झन्डै एक साता लामो वैदेशिक प्रशिक्षणका लागि बुधबार त्यसतर्फ लागेको हो । कोरिया भ्रमणबाट हाले फर्किएको नेपाली टोली बेल्जियमको शीर्ष डिभिजनको क्लब आरएससी एन्डरलेचको निमन्त्रणमा त्यसतर्फ गएको हो ।

एन्डरलेचले नेपाली यू-१६ का कप्तान एवं सिनियर राष्ट्रिय टोलीका स्ट्राइकरसमेत रहेका बिमल घर्तीमगरलाई पनि ट्रायल तथा ट्रेनिङको अवसर दिइरहेको छ । टोलीले बेल्जियम बसाइका क्रममा एन्डरलेच एकेडेमीका यू-१७ टोलीसँग एक मैत्रीपूर्ण अभ्यास खेलसमेत खेल्नेछ ।

यस्तै नेपाली टोलीले त्यहाँ अर्को एक खेल पनि खेल्नेछ । टोलीको टुंगो भने लागिसकेको छैन । प्रशिक्षक बालगोपाल महर्जनले अहिलेसम्म दुई खेल खेल्ने तय भएको जानकारी दिए । 'एक खेल एन्डरलेचकै युवा टोलीसँग हुनेछ, अर्को खेलका लागि टोलीको तय हुन बाँकी छ,' प्रशिक्षक महर्जनले भने, 'बाँकी समयमा ट्रेनिङ गर्नेछौं ।'

नेपाली टोली एक साताको बेल्जियम बसाइपछि स्वदेश फर्कनेछ । त्यसलगत्तै उनीहरू थाइल्यान्डमातर्फ लाग्नेछन् । नेपाल यसअघि गत असोजमा काठमाडौंमै भएको छनोट प्रतियोगितामार्फत एएफसी च्याम्पियनसिपका लागि छनोट भएको थियो । नेपाल इराक, तुर्कमेनिस्तान र बहराइनजस्ता बलिया प्रतिद्वन्द्वीलाई पछि पार्दै समूह सीको विजेता बन्दै अन्तिम चरणका लागि छनोट भएको हो । अन्तिम चरणको प्रतिस्पर्धामा नेपाल समूह सीमै परेको छ । नेपालले फाइनल चरणको समूह चरणमा दक्षिण कोरिया, उज्वेकिस्तान र कुवेतसँग प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिताको शीर्ष चारमा पर्न सफल भए नेपाल अर्को वर्ष हुने यू-१७ फिफा विश्वकपका लागि छनोट हुनेछ । नेपाली टोलीले पनि विश्वकप छनोटको लक्ष्य बनाएको छ । नेपाली टोलीका प्रशिक्षक महर्जनले पनि टोली त्यसका लागि तयार रहेको बताए । 'हाम्रो लक्ष्य विश्वकपमा छनोट हुने हो,' उनले भने, 'अहिलेसम्मको तयारी हेर्दा हामी सक्षम पनि हुनेछौं ।'

## रङ्गीन खबर

### गाईजात्रा महोत्सवमा हास्य कलाकर्मीको भीड

काठमाडौं । विगतमा झैं यस वर्ष पनि हास्यव्यंग्य गाईजात्रा महोत्सव गरिने भएको छ । गाईजात्राको अवसर पारेर ओरियन्टल इभेन्ट्सले २३ साउनदेखि ७ भदौसम्म कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा आयोजना गर्ने महोत्सवमा चर्चित हास्य कलाकारहरूले आफ्नो प्रस्तुति पस्कने भएका छन् ।



आयोजक संस्थाका निर्देशक प्रकाश पुडासैनीले यस वर्षको गाईजात्रा विगतका भन्दा अलि भिन्न र अधिक मनोरञ्जक हुने दाबी गरेका छन् । यसपालिको गाईजात्रामा हास्यकवि शैलेन्द्र सिंखडाले हास्यव्यंग्य कविता प्रस्तुत गर्नेछन् भने मनोज गजुरेलले उद्घोषण, विभिन्न व्यक्तिको क्यारिकेचर र प्रहसन पस्कनेछन् ।

दर्शकले मेरी बास्सैका सुरेन्द्र केसी मुलासाग र शिवशंकर रिजाल, दमन रूपाखेती, अञ्जु महर्जन (हात्ती), राजु भजु, रमेश अधिकारी, घनश्याम गौतम, हास्य सिरियल हर्के हल्दारका विष्णु सापकोटा, रोशनी सापकोटा, डिठ्ठा सापका किशोर भण्डारी, रेश्मा तिमिल्सिना, राजु कमेडीलगायतको प्रहसनमार्फत भरपुर मनोरञ्जन लिन पाउनेछन् । त्यसैगरी, सिस्नुपानी नेपालको तर्फबाट लक्ष्मण गाम्नागे, कवि अर्जुन पराजुलीलगायतले पनि प्रहसन प्रस्तुत गर्ने बताएको छ । त्यसैगरी, गायिका इन्दिरा जोशीको प्यारोडी गीत गाउनेछिन् भने नृत्यंगना पार्वती राईले प्यारोडी नृत्यमार्फत दर्शक तताउनेछिन् । कमल गाउँलेले पनि दर्शक हँसाउने खुराक पस्कनेछन् ।

### दुई म्युजिक भिडियो सार्वजनिक

काठमाडौं । नायिका अनु शाह र निर्देशक माधव खरेलले अभिनय गरेको सिउँदोको सिन्दुर बोलको गीतको भिडियो इन्टरनेट तथा टिभी च्यानलबाट सार्वजनिक गरिएको छ ।



युट्युबमा अप्लोड गरेको पाँच दिनमै १५ हजार बढीले हेरेको भन्दै मोडलसमेत बनेका माधव गजक्क परेका छन् । त्यसैगरी, यसै साता सार्वजनिक गरिएको श्रीदेव भट्टराई र अनु अभिनीत कालो कोटैले बोलको गीतको भिडियोले पनि चर्चा पाएको छ ।

दुवै गीत अस्मिता श्रेष्ठले गाएकी हुन् भने संगीत कमल खत्रीको छ । कालो कोटैले भरत बम्जनले लेखेका हुन् । सिउँदोको सिन्दुर कमल खत्रीको रचना हो । रूपेश उप्रेतीले निर्देशन गरेको भिडियो रविन्द्र बरालले खिचेका हुन् ।

### रङ बैजनीको गीत सार्वजनिक

काठमाडौं । निर्देशक शम्भु प्रधानले १२ वर्षपछि निर्देशन गरेको फिल्म रङ बैजनीको तिज गीत सार्वजनिक गरिएको छ । हिन्दू नारीको महान्पर्व तिजप्रति लक्षित सो गीत वरिष्ठ फिल्मकर्मी यादव खरेलले लेखेका हुन् ।

प्रविशा अधिकारी र सुम्निमा सिंहको स्वर रहेको उक्त गीतको नृत्य निर्देशन वसन्त श्रेष्ठले गरेका हुन् । दीप प्रधानको संगीत रहेको गीतमा गरिमा पन्त, सुम्निमा घिमिरेलगायतले नृत्य गरेका छन् । फिल्मका अन्य कलाकारमा अर्जुन श्रेष्ठ, प्रकाश अधिकारी, दिक्पाल कार्कीलगायत छन् । रङ बैजनी १२ डिसेम्बरमा रिलिज हुने बताइएको छ ।




### लज्जालाई 'यू' सर्टिफिकेट

काठमाडौं । नवल नेपाल निर्देशित छविराज ओझाको लज्जा फिल्मले युनिभर्सल सर्टिफिकेट पाएको छ । ७ कात्तिकमा रिलिज हुने फिल्मलाई चलचित्र जाँचपास समितिले 'यू' सर्टिफिकेट दिएको हो ।

यसअघि नवलले निर्देशन गरेका श्रीमान् र महसुस फिल्मले पनि युनिभर्सल सर्टिफिकेट पाएका थिए । 'सेन्सरका सबै सदस्यले फिल्म मन परेको प्रतिक्रिया दिनुभयो । आए इम सो ह्याप्पी,' निर्देशक नवल र निर्माता छविराजको एउटै स्वर छ । नारी प्रदान कथामा निर्माण गरिएको फिल्मको स्क्रिप्ट निर्देशक नवल आफैंले लेखेका हुन् । फिल्ममा आर्यन सिग्देल र शिल्पा पोखरेल प्रमुख भूमिकामा छन् ।

### सञ्चारकर्मीमाझ मेरो भ्यालेन्टाइन



काठमाडौं । शुक्रबारदेखि राजधानी र मोफसलका हलबाट एकसाथ प्रदर्शनमा आएको फिल्म मेरो भ्यालेन्टाइनको मंगलबार कुमारी हलमा प्रेस सो गरियो । सुरज सुब्बा नाल्बोको निर्देशनमा सुशील श्रेष्ठले निर्माण गरेको फिल्मले सञ्चारकर्मीबाट राम्रो प्रतिक्रिया पाएको छ ।

चार साथीको सम्बन्ध र अफेयरको कथा प्रस्तुत गरिएको फिल्ममा बाबु बोगटी, निशा अधिकारी, स्वतन्त्रप्रताप शाह र सुस्मिता ढकाल प्रमुख भूमिकामा छन् । चितवन र काठमाडौंका विभिन्न स्थानमा सुटिङ गरिएको फिल्मलाई दर्शकले मन पराइरहेको निर्माता श्रेष्ठले बताए । सिंगल तथा मल्टिप्लेक्स हलमा समेत फिल्मले दर्शकको साथ पाएको निर्देशक सुब्बाको दाबी छ ।

### गिटार माइस्ट्रो हुने

काठमाडौं । गिटार वादनसम्बन्धी टिभी सो हुने भएको छ । नेपाल टेलिभिजनबाट प्रसारण हुने गिटार माइस्ट्रो–३, मास्टर अफ स्ट्रिङको आयोजना गिटार माइस्ट्रो नामक संस्थाले गर्ने भएको हो । आयोजकले मंगलबार राजधानीमा प्रेस मिट गरी ३० साउनदेखि अडिसन सुरू गरिने जनाएको छ ।

युवाको गितारवादन प्रतिभालाई उजागर गर्ने उद्देश्यले आयोजना गर्न लागिएको प्रतियोगितामा अनप्लग्ड, एकोस्टिक गिटार विथ अ रिनाउन्ड सिंगर, माई अन स्टाइल, मेटल, फ्युजन, रक एन्ड रोल, सिंगिङ, बुलेट




ब्याटल, साउन्ड इफेक्ट एन्ड स्टन्ट र कम्पोजिसन थिम म्युजिक विधामा प्रतियोगीले प्रतिस्पर्धा गर्नुपर्नेछ । आयोजक संस्थाका प्रबन्ध निर्देशक विनोद ओझाले अडिसन काठमाडौं, पोखरा, विराटनगर, धनगढी र भारतका सिक्किम, दार्जिलिङलगायत स्थानमा समेत गरिने बताए ।

१६ देखि ३५ वर्षसम्मका प्रतिभाले भाग लिन सक्ने प्रावधान राखिएको प्रतियोगिताको विजेताले एक लाख रूपैयाँसहित गिटार उपहार प्राप्त गर्नेछन् । दोस्रो र तेस्रो हुनेलाई क्रमशः ५० र २५ हजार, चौथो र पाँचौं हुनेलाई १०–१० हजार पुरस्कार दिइनेछ । गितारवादन प्रतियोगिता यसअघि सन् २०१० मा र २०१२ मा राजधानीमा गरिएको थियो ।

## कर्पोरेट

### एनबी बैंकमा रहमान

काठमाडौं । नेपाल–बंगलादेश (एनबी) बैंकको आइतबार बसेको सञ्चालक समिति बैठकले मोहमद लुत्फर रहमानलाई पुनः अध्यक्षमा चयन गरेको छ । हालै सम्पन्न १९औं वार्षिक साधारणसभाले क्रमशः मोहमद लुत्फर रहमान, मोहमद साहअलाम सरवर, अरजित चौधरी, माधवप्रसाद न्यौपाने, दीपक कार्की, मुकुन्दनाथ ढुंगेल र अरूण श्रेष्ठलाई सञ्चालक समितिमा चयन गरेको बैंकले जनाएको छ ।

### सगरमाथा मर्चेन्टको नाफा बढ्यो

काठमाडौं । सगरमाथा मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सले गत आवको तुलनामा आव ०७० /७१ मा १२ करोड १३ लाख सञ्चालन मुनाफा गरेको छ । हाल कम्पनीको निक्षेप १ अर्ब ७९ करोड र कर्जा लगानी १ अर्ब ४४ करोड २५ लाख रूपैयाँ छ ।

ललितपुरको मानभवनमा मुख्य कार्यालय रहेको कम्पनीका विभिन्न स्थानमा ६ शाखा सञ्जाल छन् भने चालू आवमा ओखलढुंगा र भोजपुरमा शाखा विस्तारको तयारी भइरहेको कम्पनीले बताएको छ ।

कम्पनीले खुत्रुके, समृद्धि, कर्मचारी, स्वर्णिम, सेयरधनी बचत, सुनचाँदी, साना तथा मझौला उद्यमी, हायरपर्चेज, आवास, सेयर, शैक्षिक, व्यापारिकलगायत योजना सञ्चालन गर्दै आएको प्रमुख सञ्चालन अधिकृत अशोक बुढाथोकीले जानकारी दिए ।

### गिरी वेस्टर्न युनियन योजनाकी सातौं विजेता

काठमाडौं । रेमिट्यान्स कम्पनी वेस्टर्न युनियनले २०औं वार्षिकोत्सव अवसरमा सञ्चालन गर्दै आएको साप्ताहिक पैसा दोब्बर योजनाअन्तर्गत विमला गिरी सातौं विजेता घोषित भएकी छिन् । काठमाडौंको बौद्धकी गिरीले वेस्टर्न युनियनको सबएजेन्टबाट यसै साता रेमिटेन्स रकम प्राप्त गरेकामा लक्की ड्रमार्फत विजेता घोषणा गरिएको कम्पनीले जनाएको छ । ग्राहकहरूले कम्पनीमार्फत जति धेरै भुक्तानी लिन्छन्, त्यति धेरै जित्न सक्छन् । हरेक साता कम्पनीको एमटिसिएन कोडबाट लक्की ड्र गरिने योजनामा ग्राहकले पाउने बराबरकै रकम दोब्बर बनाएर दिइने गरेको छ ।

### मुक्तिश्री–इन्क्लुसिभ सम्झौता

काठमाडौं । ग्रामीण क्षेत्रका शिक्षित युवालाई सीपमार्फत काम गर्ने अवसर दिँदै आएको मुक्तिश्री समूहले बैंगलोरमा क्रियाशील व्यावसायिक संस्था रूरलसोर र बेलायती सेड बिजनेस स्कुल अक्सफोर्ड युनिभर्सिटीका एक्जुक्युटिभ एमबिएद्वारा स्थापित इन्क्लुसिभ भेन्चरसँग सम्झौता गरेको छ ।

साझेदारीपछि संस्थाले पहिलोपटक नेपालमा कार्यक्रम सुरू गर्नेछ । सम्झौताअनुसार नेपालमा बहुपक्षीय तालिम र रोजगारीसम्बन्धी कार्यक्रम सञ्चालन गर्न हेटौंडा र लुम्बिनीमा कार्यालय सञ्चालनमा ल्याइनेछ ।

कार्यक्रमअन्तर्गत ग्रामीण क्षेत्रका युवाले व्यावसायिक तालिम लिई आयआर्जनको अवसर प्राप्त गर्नेछन् । त्यस्तै, सीप सिकेका युवालाई राष्ट्रिय–अन्तर्राष्ट्रिय बजारबाट माग भई आउने बिजनेस प्रोसेस आउट सोर्सिङ, कल सेन्टरलगायत संस्थाले रोजगारी उपलब्ध गराउनेछ ।

सम्झौतामा मुक्तिश्रीका अध्यक्ष अजयराज सुमार्गी र रूरलसोरका कार्यकारी प्रमुख मुरली वुलगन्टीले हस्ताक्षर गरेका थिए ।

### साझा बसमा टेलिकमको वाइफाई

काठमाडौं । नेपाल टेलिकमले साझा यातायात सहकारीले उपत्यकाभित्र सञ्चालन गर्दै आएको साझा बसमा वाइफाई सेवा सञ्चालनमा ल्याएको छ । कम्पनीले साझा यातायातका बसमा वाइफाई सेवा सञ्चालन गर्न वाइम्याक्स प्रविधि जडान गरिएको जनाएको छ । बसमा यात्रा गर्नेले वाइफाइमार्फत इन्टरनेट चलाउन सक्नेछन् । उपत्यकामा हाल सञ्चालन भइरहेका १६ वटा साझा बसमा वाइफाइमार्फत इन्टरनेट चलाउन जिएसएम तथा सिडिएमए पोस्टपेड /प्रिपेड मोबाइल प्रयोग गर्न सकिने कम्पनीको भनाइ छ । सेवा प्रयोग गरेबापत ग्राहकले मोबाइलबाट १० रूपैयाँ सेवाशुल्क तिर्नुपर्ने कम्पनीले जनाएको छ ।

### पहिरोपीडितलाई सानिमा र सिटिजन्सको सहयोग

काठमाडौं । सानिमा बैंकले सिन्धुपाल्चोकको राम्चे र मांखा गाविसमा गएको पहिरोले सुनकोसी नदी थुनिएपछि भएको प्रकोपपीडितलाई सहयोगस्वरूप १ लाख ११ हजार १ सय ११ रूपैयाँ प्रदान गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराएको रकम सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ, नेपाल हिमालय सीमापार वाणिज्य संघ र नेपाल ट्रक कन्टेनर व्यवसायी संघको संयुक्त प्रयासमा सञ्चालित राहत कोषमा जम्मा गरिने बैंकले जनाएको छ ।

यसैगरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आर्थिक सहयोगस्वरूप १ लाख रूपैयाँ सुनकोसी पहिरोपीडित राहत उद्धार कोषमार्फत प्रदान गरेको छ । सुनकोसी नदीमा गएको पहिरोले गर्दा आफ्नो धनजनको क्षति हुन गई विस्तापित भएका पहिरोपीडितलाई राहत पुऱ्याउनका लागि सोमबार बैंकले सहयोग गरेको हो ।

बैंकका सञ्चालक प्रकाशचन्द्र मैनालीले उक्त रकम सुनकोसी पहिरोपीडित राहत उद्धार कोषका कोषाध्यक्ष बच्चु पौडेललाई हस्तान्तरण गरे । सहयोग गर्न इच्छुक व्यक्ति तथा संस्थाले बैंकको कमलादीस्थित शाखा कार्यालयको खाता नं ००१०००२३५९सिएमा सहयोग रकम जम्मा गर्न मिल्ने व्यवस्था गरिएको बैंकले जनाएको छ ।

## मधेसीलाई...

सम्भावना प्रवल बनेको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी यसरी कर्मचारीतन्त्रलाई चटक्कै बिर्सिएर राजनीतिक तहमा उत्रिएका छन् । नेपाल–भारतबीचका सबै समस्यालाई राजनीतिक दृष्टिले हेर्छन् भन्ने कसैले सोचेका थिएनन् । यही कारण मोदी आए, गए । उनले बोलेर छाडेको तरङ्ग अझै कायमै छ ।

मोदीलाई वचनका पक्का राजनेता भनिन्छ । यही आधारमा १९५० को सन्धी, कालापानीलगायतका सीमासमस्या र पानी तथा विद्युतसम्बन्धी सम्झौता हुन्छ र नेपाल–भारत सम्बन्ध नयाँ युगमा प्रवेश गर्ने तयारीमा छ भनिँदै छ । यसमा लागि हाम्रा नेतामा आँट, साहस, नैतिकता र देशभक्ति चहिन्छ । भ्रष्टाचारमा डुबेका नेताहरूले देशभक्तिका साथ भारतसँग डिल गर्न सक्लान ? प्रश्न उठिसकेको छ ।

## एमाओवादीमा...

माओवादीको मोर्चामा पनि पर्न थालेको छ । अझ ४ माओवादीले प्रचण्डलाई 'कार्यगत एकता' मा धोका दिने हुन् कि भन्ने आशंका गर्न थालिएको छ ।

खासगरी मोदीको भ्रमणलाई सफल भन्ने प्रचण्ड र असफल पारियो भन्ने वैद्यको मत बाझिए पछि संशय बढ्दै गएको छ । संशय प्रचण्ड र मधेसवादीबीच पनि बढ्न थालेको छ । सरकारले गर्ने २६ मनोनितमा राजेन्द्र महतो र महन्थ ठाकुर परेनन् भने यो मोर्चा भताभुङ्ग हुनेछ । नेपाली राजनीतीको प्रमुख पात्र एमाओवादीमा कम्पन आएको छ, अब भुँइचालो जानेछ । यद्यपि अध्यक्ष प्रचण्ड र नेता बाबुराम भट्टराईबीच अहिले देखिएको विवादको प्रभाव भने संविधान जारी भइसकेपछि मात्र देखिने छ । अध्यक्ष दाहाल संविधानसभा र संविधानसभा बाहिर रहेको नेकपा–माओवादीसँग निकट रहे पनि उनी संविधान बनाइहाल्ने पक्षमा नभएको र अर्कोतर्फ बाबुराम भट्टराई जसरी भए पनि संविधान बनाउने पर्ने पक्षमा भएकोले संविधान जारी पश्चात दाहाल र भट्टराई अलग–अलग पार्टीका अध्यक्ष रहने सम्भावना बढेको छ ।

## प्रहरी नै...

सुन लुटिएको खबर प्रहरी महानिरीक्षकको सचिवालयसम्म पुगेपछि सचिवालय र अनुसन्धान ब्यूरोले अनुसन्धान अघि बढाएको थियो । प्रहरीले लुटिएको सुन अवैध भएको र पाण्डे भरिया मात्र भएको बताए पनि असली सुन मालिक को हो भनेर पत्ता लगाउन सकेको छैन । सुरक्षाकर्मीहरू नै लुटपाटमा संलग्न हुन थालेपछि जनताले अब कसको विश्वास गर्ने ?

प्रहरी महानिरीक्षकमा बढुवा हुनासाथ उपन्द्रकान्त अर्यालले प्रहरीको आचरणमा सुधार ल्याउने प्रतिबद्धता जनाएपनि राजधानीमै प्रहरीहरू लुटपाटमा संलग्न हुनु र पहिला पनि घुस लिएको काण्डमा निलम्बनमा परेका शाहलाई फेरि अपराध महाशाखामै राख्नुको पछाडी के रहस्य लुकेको छ ? के गृहमन्त्री वामदेव गौतमको भ्रष्टाचारमा शुन्य सहनशीलता भनेको प्रहरीहरू नै लुटपाटमा संलग्न हुनु हो त ?

## मोदीले...

बुझ्नेनन् कुन्नी । आफ्नो राजपाठको आठ वर्षमा चक्रवर्ती राजा बनेका सम्राट अशोकले सवालाख मानिसलाई बन्दी बनाएको देखेका थिए भने एकलाख मानिसको नरसंहार भएको देखेपछि युद्धबाट वाक्क भएर नेपालको लुम्बिनी आएका थिए । त्यहीँ उनले हतियार बिसाए, बुद्ध ज्ञान लिए र बुद्ध धर्मको प्रचारमा लागे ।

प्रचण्ड कहाँ छन् ? १९ हजार जनताको लाशमाथि टेकेर सत्ता र शक्तिमा पुगेका प्रचण्डले हिंसा मोह त्यागेको, सत्ता मोह छाडेको र मानवीयता अँगालेको कसले देख्यो । प्रचण्ड मोदीले मलाई अशोक भने भनेर किन फोस्रो फूर्ति लागाइरहेका छन् ?

## कमल थापाका...

पृथ्वीनारायण शाहलाई मात्र आफ्नो पार्टीको आदर्श मान्दै आएको थियो । विपी जन्मशताब्दीको अवसरमा आयोजित कार्यक्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापाले भने विपी कोइराला कांग्रेसका संस्थापक नेता हुनुहुन्थ्यो, तर उहाँले अघि सारेको मेलमिलापको नीतिले गर्दा उहाँ राष्ट्रको सम्पत्ति हुनुहुन्छ, त्यसैले हाम्रो पार्टीले राष्ट्रको सम्पत्ति भइसकेका विपीलाई आदर्श मान्ने भएका हौं । राप्रपा नेपालको हालै सम्पन्न महाधिवेशनले पूर्वराजा महेन्द्रको राष्ट्रवाद र विपीको मेलमिलापको नीतिलाई पार्टीको प्रेरणाको स्रोतको रूपमा लिने निर्णय गरेको थापाले जानकारी गराएका थिए । संवैधानिक राजतन्त्र र हिन्दूराज्यको माग गर्दै आएको राप्रपा नेपालका अध्यक्ष थापाले पूर्वराजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते चालेको कदमप्रति पहिलो पटक प्रश्न उठाएका छन् । तत्कालीन राजाले राम्रो आशयले कदम चालेको भएपनि दलहरूलाई सहमतिमा ल्याउन असफल भएपनि त्यो कदम इतिहासमा एउटा प्रश्नका रूपमा उठ्ने दाबी अध्यक्ष थापाले गरेका छन् ।

कांग्रेसका संस्थापक नेता विपी कोइरालालाई समेत आफ्नो पार्टीको प्रेरणाको स्रोत मान्ने निर्णय गरेर राप्रपा नेपाल सबै वर्ग र तहका जनताको साझा पार्टी भएको सन्देश दिन खोज्नुले राप्रपा नेपालको भविष्य उज्ज्वल रहेको सन्देश गएको एक नेताले बताएका छन् ।

## सहमति...

एमाले वरिष्ठ नेता समेत रहेका खनालले उक्त कुरा कम्युनिष्ट पार्टीको पहिलो पुस्ताका नेता पुष्पलाल अमात्यको १७ औं स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा बताएका हुन् । कार्यक्रमलाई संबोधन गर्दै खनालले राज्य पुनःसंरचना गर्दा कुनै पनि देशको नक्कल गर्न नहुने बताउँदै अब देशमा राजनीतिक क्रान्ति पुरा भएकाले अब गरिबी, अशिक्षा र पछौटेपनविरूद्ध लड्नु पर्ने भन्दै त्यसैअनुसार राजनीतिक दलहरू चल्नु पर्ने बताए । उनले गरिबी, अशिक्षा र पछौटेपनविरूद्ध लड्न सबै दलले त्यस अनुसारको कार्यक्रम ल्याउनु पर्नेमा जोड दिए । सोही कार्यक्रममा कांग्रेस नेता एवं सभासद अर्जुननरसिंह केसीले संविधान निर्माणका सबै विषयमा लचकता अपनाइए पनि लोकतन्त्रका आधारभूत मूल्य र मान्यतामा कुनै हालतमा पनि सम्झौता गर्न नसकिने र त्यसका विरूद्ध कुनै सहमति र सम्झौता हुने प्रष्ट पारेका छन् । कार्यक्रममा भरतमोहन अधिकारीले समृद्ध नेपाल निर्माण र कमरेड तुलसीलाल अमात्य विषयक कार्यपत्र पेश गरेका थिए ।

सोही कार्यक्रमलाई संबोधन गर्दै राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पार्टीहरू भित्रकै समस्याले गर्दा संविधान निर्माणमा कठीनाई उत्पन्न भएको बताउँदै ठूला पार्टीहरू एकै ठाउँमा उभिन सकेको खण्डमा संविधान निर्माण हुने बताए । उनले कांग्रेस, एमालेमात्र एक ठाउँमा उभिए पनि संविधान निर्माण हुन सक्ने भन्दै कुनैपनि हालतमा जातीय पहिचानका आधारमा संघीयता प्रदेश बनाइन नहुने र धेरै संख्यामा प्रदेशहरू बनाएको खण्डमा मुलुकले खर्च धान्न नसक्ने प्रष्ट पार्दै थोरै प्रदेश निर्माण गर्नुपर्नेमा जोड दिए । पछिल्लो समयमा कांग्रेस, एमाले र एमाओवादीबीच कति प्रदेश हुने भन्ने विषयमा सहमति हुन नसकेको र एमाओवादीले धेरै प्रदेश हुनुपर्ने अडान लिएको हुनाले प्रदेशका बारेमा व्यापक विवाद रहेको छ ।

## चरिको...

अभियोग लाग्ने देखिन्छ । यसले पार्टीभित्रमात्रै होइन, बाहिरी समाजमा समेत एमालेको चर्को आलोचना हुन सक्छ । तर, चरीलाई सुधारेर पार्टीमा ल्याएको दाबी गर्दै आएका एमाले नेताहरूले पार्टीको एउटा महत्वपूर्ण कमिटीमा राखिसकेको व्यक्तिलाई झण्डा ओडाएन भने यसले आफ्नै कार्यकर्तालाई अपमान गरेको ठहरिने अर्को नैतिक प्रश्न खडा भएको छ । एमालेले अहिलेसम्म चरीलाई पार्टीबाट निष्कासन वा कारवाही गरेको समाचार सार्वजनिक भएको थिएन ।

एमालेका निवर्तमान क्षेत्रीय उपाध्यक्ष मारिएका छन् । सरकारमा पनि एमालेले नै गृह मन्त्रालय सम्हालेको छ । मार्ने पनि एमाले नेतृत्वकै सरकार र मारिने पनि एमालेकै कार्यकर्ता भएकाले चरीलाई पार्टीले सहीद घोषणा गर्दा वामदेव गौतम नेतृत्वको गृहमन्त्रालयलाई समस्या पर्न सक्छ । त्यो अवस्थामा कार्यकर्ताको मृत्युका लागि पार्टी उपाध्यक्ष वामदेव गौतमले राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ । तर, डनलाई प्रहरीले कारवाही गरेवापत गृहमन्त्रीले राजीनामा दिए भने समाजमा त्यो हास्यास्पद ठहरिन सक्छ ।

गुण्डालाई तह लगाइन्छ भन्दै आएका गृहमन्त्री वामदेव गौतमले एमालेमा गुण्डा छन् भने मलाई देखाइदिनोस् भन्ने गरेका थिए । तर, प्रहरीले बाहुन डनको गिरफ्तारीपछि चरीमाथि कारवाही गरेर गोलीको भाषामा यसको जवाफ दिएक [illegible] छ । बिडम्बना के छ भने गृहमन्त्रीले प्रहरीलाई स्याबास भन्ने र फुली थपिदिने वा गुण्डामाथि कारवाही गरियो भनेर गर्वका साथ पत्रकार सम्मेलन गर्ने अवस्था छैन । किनभने, डनका रूपमा गोली खाएर मारिएका चरी एमालेका जिम्मेवार कार्यकर्ता थिए ।

## नेताहरूले...

मोबाइलबाट मोदीको फोटो समेत खिचेका थिए । बाटोमा करिब ५ मिनेट बिताएपछि मोदी करिब दुई सय मिटर पर रहेको संविधानसभा भवन पुगेका थिए ।

संविधानसभामा करिब ४६ मिनेट संबोधन गरेर होटल फर्किँदा मोदीले गौशालामा दुई ठाउँमा र चावहिलमा एक ठाउँमा पनि बानेश्वरको जस्तै हात मिलाएका थिए । गौशाला प्रहरी विट अगाडि गाडी रोकेर सडकपेटीमा उभिएका सर्वसाधारणसँग हात मिलाउँदै, हात हल्लाउँदै अघिबढेका मोदीले धर्मशाला अगाडि पनि गाडी रोकेर त्यसै गरेका थिए । अभिभावकको काँधमा चढेका बालबालिकाहरूसँग समेत मोदीले हात मिलाएको दृश्य हेर्न लायक देखिन्थ्यो । चाबहिलमा समेत मोदीले गाडी रोकेर सर्वसाधारणसँग हात मिलाउँदै हात हल्लाउँदै तस्बिर खिच्ने सम्मको मौका दिएका थिए । महाराजगञ्ज, बौद्धमा पनि गाडीबाट ओर्लिएर उनले सर्वसाधारणसँग हात मिलाउँदै भलाकुसारी समेत गरेका थिए । मोदी बाहेकका अन्य पाहुनाहरूले त्यस्तो व्यवहार देखाएका थिएनन्, आफ्नै देशका नेताहरूले समेत त्यस्तो व्यवहार नदेखाएको अवस्थामा भारतका प्रधानमन्त्रीले त्यस्तो व्यवहार देखाएकाले नेपालको नेताहरूले पनि मोदीबाट केही पाठ सिक्ने हो कि भन्ने चर्चा समेत चलेको छ ।

# चीनको सन्देशले नेपाललाई राहत

काठमाडौं । गत शनिवार सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोले सुनकोसी थुनियो । २ गाउँ पुरियो । उद्धार र राहत कार्य जारी छ । नेपालका लागि यो निकै ठूलो विपत्ति हो । अझै डेढसय मानिस पहिरोभित्र लापता छन् ।

के गर्ने ? के गर्ने ? भन्ने द्विविधामा परेको नेपालले भारत र चीनलाई गुहाऱ्यो । भारतका प्रधानमन्त्रीले दुःख व्यक्त गरे । चीनका प्रधानमन्त्री लीले शोक सन्देशसँगै राहत, उद्धार, उपचार र निर्माण गर्न के गर्न सकिन्छ, चीन तयार भएर बसेको छ भन्ने सन्देश पठाएका छन् । नेपालले अझै चीनलाई योजना पठाउन सकेक ो छैन ।

सुनकोसी थुनिँदा तातोपानी नाका बन्द भएको छ । कोदारी राजमार्गको झण्डै २ किलोमिटर सडकको नामोनिसान छैन । कोदारी राजमार्ग पुनःनिर्माण गर्न चीन तयार भइसकेको बेलामा पहिरो गएको छ, सुनकोसी थुनिएको छ, सयौं जन र करोडौं धनमाल नष्ट भएको छ । हजारौं घरबारबिहीन भएर विचल्लीमा परेका छन् । नेपालले ठोस योजना चीनलाई दिने हो भने चीनले बनाइदिएको एक मात्र चीन जोड्ने कोदारी राजमार्ग र यो विपत्तिमा परेकाहरूलाई अर्थपूर्ण राहत हुन सक्थ्यो । सरकार किन चुप छ ?

# नेपाली महिलालाई खसी काटे झैं काटियो

काठमाडौं । नेपाल सरकार र राजदूत नालायक भएपछि जनताले खसी काटिए झैं काटिनु पर्ने रहेछ भन्ने खबर साउदी अरबबाट आएको छ । दलालले दिल्ली हुँदै साउदी अरब पुऱ्याएर बेचिएकी २६ वर्षीय शोभा परियारमाथि मालिकको छोरा मारेको अभियोग लाग्यो । मालिक र मालिक्निले साह्रै दमन गर्ने, खान नदिने, कुट्ने गरिए पछि शोभा भाग्ने मनस्थितिमा थिइन् ।

यत्तिकैमा मालिक, मालिक्नि बाहिर गएका बेला बालकको हत्या भयो । हत्या शोभाले गरिन् कि गरिनन् स्पष्ट छैन । तर घर कुरूवा भएकीले कामदार उनी माथि नै हत्या आरोप लाग्यो । अदालती चक्कर चल्दा शोभाको पक्षमा बोलिदिने कोही भएन । उनलाई मृत्युदण्डको सजाय सुनाइयो ।

यो खबर सार्वजनिक भएपछि बल्ल राजदूत दौडिए । ब्लड मनि दिएर शोभालाई बचाउने कुरा राखे । त्यतिबेलासम्म अबेर भइसकेको थियो । गत सोमबार साढे १० बजे २६ वर्षकी शोभा परियारलाई दशैंमा खसी मार हाने झैं गरी चट्टै काटियो । साउदीमा शोभा काटिइन कि संवेदनहीन नेपाल सरकार र राजदूत काटिए ? यसको जवाफ खोज्ने कसले ? शोभालाई दिल्लीको बाटो हुँदै साउदी पुऱ्याउने दलाल बारे श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग किन मौन छ ?

# पहिरोपीडितलाई अख्तियारको सहयोग

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, आयुक्त तथा कर्मचारीहरूले संयुक्तरूपमा पहिरोपीडितलाई राहतस्वरूप चार लाख १२ हजार नौ सय आठ रूपैयाँ उपलब्ध गराउने भएका छन् ।

सिन्धुपाल्चोकको माङ्खा र संखुवासभाको स्याउनमा गएको पहिरोबाट घरवारविहीन भएका पीडितका लागि अख्तियारले उक्त सहयोग गरेको हो । प्रमुख आयुक्तबाट सात दिनबराबरको तलब तथा आयुक्तबाट तीन दिन, निमित्त सचिवबाट दुई दिन तथा अन्य सम्पूर्ण कर्मचारीबाट एक दिनबराबरको तलब संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप तथा उद्धार एवं राहत कोषमार्फत सहयोग गरिने अख्तियारले जनाएको छ ।

मंगलबार जारी विज्ञप्तिमा आयोगले उक्त गम्भीर एवं पीडादायी प्राकृतिक विपद्ले आयोग मर्माहत भएको जनाउँदै विपत्तिबाट आहत र पीडितजनप्रति हार्दिक सहानुभूति र समवेदना व्यक्त गरेको छ ।

यसैगरी, सिन्धुपाल्चोकमा गएको बाढी–पहिरोका पीडितलाई भुपालमान सिंह कार्की प्रज्ञा परिषद्ले पनि राहतस्वरूप दुई लाख रूपैयाँ उपलब्ध गराउने जनाएको छ । प्रधानमन्त्री दैवी प्रकोप एवं उद्धार तथा राहत कोषमार्फत उक्त रकम बाढी–पहिरो पीडितलाई उपलब्ध गराउने परिषद्ले जनाएको छ ।


प्रतिलिपि अधिकारको पालना गरौं । कुनै पनि रचना, कलाकृति, गीत–संगीत, चलचित्र, कम्प्युटर सफ्टवेयर आदिमा धनीको (रचनाकार सर्जक, निर्माता, उत्पादक) एकाधिकार रहन्छ । धनीको स्वीकृति विना उत्पादन, पुनःउत्पादन, प्रकाशन प्रसारण, बिक्री वितरण, डाउनलोड आदि कार्य गरेमा कानुन बमोजिम जरिवाना र कैद सजाय हुन्छ । कानुन बमोजिम कसुरसँग सम्बन्धित माल जफत एवं क्षतिपूर्ति समेत तिर्नुपर्ने हुन्छ । तसर्थ त्यस्तो कार्यको थालनी धनीको स्वीकृति लिएर मात्र गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# पेस्तोलसहित एक पक्राउ

कपिलवस्तु । एउटा पेस्तोल तथा सो को एउटा म्यागजीन र एउटा गोलीसहित एक जनालाई पक्राउ परेका छन् । सशस्त्र प्रहरी बल विन्ध्यवासिनी गण चन्द्रौटाबाट खटिएको एपीएफ टोलीले दाङको घोराही, रजना–६ का २४ वर्षीय वसन्त घर्तीलाई कपिलवस्तुको शिवराज–६ स्थित एक गेष्ट हाउसमा पक्राउ गरेको हो ।

गेष्ट हाउसमा परिवारसहित बास बस्न गएका उक्त गणमा कार्यरत एक जना सशस्त्र प्रहरी सहायक हवल्दारले सो गेष्ट हाउसको उत्तरतर्फको झ्यालको पर्दा हटाउदा उक्त पेस्तोल तथा म्यागजीन र गोली फेला परेको थियो ।

त्यसपछि सहायक हवल्दारले हतियार भेटिएको खबर गरेपछि तत्कालै एपीएफ टोली र स्थानीय प्रहरी उक्त गेष्ट हाउसमा पुगेको थियो । ती सहायक हवल्दारले उक्त हतियार फेला पारेपछि निज वसन्त घर्तीले गेष्ट हाउसको उक्त कोठा आफुले बुक गरेको र उक्त हतियार आफ्नो भन्दै खोस्न खोज्दा सशस्त्र प्रहरी भन्ने थाहा पाएपछि गेष्ट हाउसबाट हाम फाली भागेका थिए ।

हाम फाल्दा ढाडमा गम्भीर चोट लागि घाइते भएका निज घर्तीलाई उक्त गेष्ट हाउस नजिकैको बारिबाट पक्राउ गरिएको हो । बरामद हतियार तथा पक्राउ परेका घर्तीलाई राति नै स्थानीय प्रहरीको जिम्मा लगाइएको छ । निज घर्तीको स्थानीय संजिवनी अस्पतालमा उपचार भइरहेको छ ।

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२६५ मो. : ९८४१२५४८९५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार